कम्पनी ऐन २०६३ अन्तर्गत स्थापित

(शेयरमा सिमित दायित्व भएको)

# रैराङ हाईड्रोपावर डेभलपमेण्ट कम्पनी लिमिटेड

**Rairang Hydropower Development Company Limited**

का.म.न.पा. वडा न ११, थापाथली, काठमाडौं

फोन नं. : ०१-५१११०१५/०१६, पो.ब.नं.२१८३९

Email:hydrorairang@gmail.com, www.rairanghydro.com.np

(कम्पनी ऐन २०६३ को दफा २३ को उपदफा (१)र धितोपत्र सम्बन्धी ऐन २०६३ को दफा ३० को उपदफा (१) अन्तर्गत प्रकाशित)

को

# विवरण-पत्र

यस विवरणपत्र मार्फत कम्पनीले आफ्नो जारी पूँजी रु. ५६,००,००,०००/- (अक्षेरपी छपन्न करोड मध्ये १५% अर्थात रु. ८,४०,००,०००/- (अक्षेरपी आठ करोड चालीस लाख मात्र) रकम बराबरको रु. १००/- अंकित दरको ८,४०,००० कित्ता साधारण शेयर मध्ये ४% अर्थात ३३,६०० कित्ता साधारण शेयरहरु कम्पनीको सेवामा रहेका कर्मचारीहरुको लागि सुरक्षित गरिएको तथा ५% अर्थात ४२,००० कित्ता साधारण शेयरहरु सामुहिक लगानी कोषहरुमा बांडफांट गरिएको छ। यसरी छुट्याइएको शेयर कर्मचारीहरुमा कम्पनीको सञ्चालक समितिले औचित्यपूर्ण तवरबाट बाँडफाँट गर्नेछ र कर्मचारीहरुबाट सम्पूर्ण शेयरको लागि माँग भइ नआएको अवस्थामा बाँकी शेयरहरु सर्वसाधारमा बाँडफाँड गरिनेछ।

**दरखास्तसाथ प्रति शेयर रु. १००/–को दरले (शतप्रतिशत भुक्तानी माग गरिएको)**

**नेटवर्थ सम्वन्धी विवरण**

| विवरण | वास्तविक | | | प्रक्षेपित | | |
|---|---|---|---|---|---|---|
| | आ.व. ०७१/०७२ | आ.व. ०७२/७३ | आ.व. ०७३/०७४ | आ.व. ०७४/७५ | आ.व. ०७५/०७६ | आ.व. ०७६/०७७ |
| खुद नाफा/(नोक्सानी) रु. हजारमा | ४८१ | ७४ | ३५४ | १७,२४० | १२२,२५१ | १,३१,८७३ |
| प्रति शेयर नेटवर्थ (रु.) | ६४.५४ | ६४.७८ | **९७.४४** | १०१.१६ | १२२.९९ | १४६.५४ |
| प्रति शेयर आम्दानी (रु.) | १.५३ | ०.२४ | ०.०८ | ३.०८ | २१.८३ | २३.५५ |

**प्रति मेगावाट लागत सम्वन्धि विवरण**

संगठित संस्थाको आ.व. ०७३/०७४ लेखापरीक्षण भएको वित्तीय विवरण अनुसार प्रति मेगावाट लागत १६.१६ करोड रहेको छ।

**विद्युत उत्पादन अनुमतिको बांकी अवधि सम्वन्धी विवरण**

पत्र वहाल रहने अवधि मिति २०७२/०४/१८ देखि २१०७/०३/२७ सम्म रहेकोले ३३ वर्ष बाँकी रहेको छ।

**लगानी फिर्ता हुने अवधि (Pay Back Period) सम्वन्धी विवरण**

लगानी फिर्ता हुने अवधि (Pay Back Period) ७.०६ वर्ष र डिस्काउण्टमा लगानी फिर्ता हुने अवधि (Discounted Pay Back Period) १२.४१ वर्ष रहेको छ।

**लगानीमा हुने जोखिम सम्बन्धी उद्घोषण :**

धितोपत्रमा गरिने लगानीमा जोखिम हुने भएकोले त्यस्तो जोखिमको मूल्यांकन गर्ने प्रमुख दायित्व लगानीकर्ता स्वयंको हुनेछ र धितोपत्रको निष्काशन मूल्यले सूचीकरण पश्चात् धितोपत्र बजारमा हुने कारोबार मूल्य नजनाउने हुँदा यस विवरणपत्रको दफा ग.८ मा उल्लेखित जोखिमहरु समेतको अध्ययन गरेर मात्र लगानी सम्बन्धी निर्णय लिन सुझाव गरिन्छ।

**नियमन निकायको जवाफदेहीता नरहने उद्घोषण :**

यस विवरणपत्रमा उल्लेखित धितोपत्र सार्वजनिक निष्काशनका लागि तयार गरिएको हो। यस विवरणपत्रलाई धितोपत्र सम्बन्धी कानून बमोजिम नेपाल धितोपत्र बोर्डले स्वीकृति प्रदान गरेको छ। यसरी बोर्डले विवरणपत्रमा स्वीकृति प्रदान गरेको कारणबाट कसैले पनि नेपाल धितोपत्र बोर्ड, कम्पनी रजिष्ट्रारको कार्यालय वा सम्वद्ध अन्य नियमन निकायले विवरणपत्रमा उल्लेखित कुराको सत्यता वा निष्काशनकर्ता वा परियोजनाको आर्थिक सक्षमताको बारेमा कुनै प्रकारको प्रत्याभूत गरेको वा जिम्मेवारी लिएको मानिने छैन।

**क्रेडिट रेटिङ्ग सम्वन्धी विवरण**

यस सार्वजनिक निष्काशनलाई इक्रा नेपाल लिमिटेडले औषत भन्दा कम आधारहरु (Below-average Fundamentals) जनाउने गरी"[ICRANP] IPO Grade 4" रेटिङ्ग प्रदान गरेको छ। सो सम्बन्धी विवरण यस विवरणपत्रको दफा ग.२२ (ट) मा उल्लेख गरिएको छ।

**नेपाल धितोपत्र बोर्डबाट विवरण-पत्रमा स्वीकृति प्राप्त मिति २०७५/०१/०९**

कम्पनी रजिष्ट्रारको कार्यालयमा विवरण-पत्र दर्ता मिति २०७५/०१/१९ धितोपत्र निष्काशन खुल्ला हुने मिति : २०७५/०१/३१

धितोपत्र निष्काशन बन्द हुने मिति (छिटोमा) : २०७५/०२/०३ धितोपत्र निष्काशन बन्द हुने मिति(ढिलोमा) : २०७५/०२/२९

NIBL ACE CAPITAL

Managing shares. Managing investments.

wholly owned subsidiary of नेपाल इन्भेष्टमेण्ट बैंक लि. NEPAL INVESTMENT BANK LTD.

**धितोपत्र निष्काशन तथा बिक्री प्रवन्धक:**

**एनआईबिएल एस क्यापिटल लिमिटेड**

पो.ब.नं. २३२२४, लाजिम्पाट, काठमाडौं, नेपाल

फोन: ४००५०८०, फयाक्स: ४००५०८४

Email: info@niblcapital.com, Website: www.niblcapital.com

**(साविक एनआईबिएल क्यापिटल मार्केट्स लिमिटेड तथा साविक एस क्यापिटल लिमिटेड)**

(ख) १. **विवरणपत्रमा प्रयोग भएका प्राविधिक तथा अन्य शब्दावलीको परिभाषा :**

क) "विवरणपत्र" भन्नाले कम्पनी ऐन २०६३ को दफा २३ बमोजिम र धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ३० बमोजिम प्रकाशित विवरणहरु भएको पुस्तिका सम्झनु पर्दछ ।

ख) "धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक" भन्नाले एनआईबिएल एस क्यापिटल लिमिटेड, लाजिम्पाट, काठमाडौं सम्झनु पर्दछ ।

ग) "धितोपत्र" भन्नाले संगठित संस्थाले जारी गरेको शेयरलाई सम्झनु पर्दछ ।

घ) "संगठित संस्था/कम्पनी" भन्नाले निष्काशनकर्ता कम्पनी रैराङ हाइड्रोपावर डेभपलमेण्ट कम्पनी लिमिटेड, वडा नं.११, थापाथली,काठमाडौं सम्झनु पर्दछ ।

ङ) "संकलन केन्द्र" भन्नाले सार्वजनिक निष्काशनको लागि नेपाल धितोपत्र बोर्डबाट स्विकृति प्राप्त गरेका सम्पूर्ण आस्वा (ASBA) सदस्य बैंक तथा वित्तिय संस्थाहरु तथा तिनका शाखा कार्यालयहरु सम्झनु पर्दछ ।

च) "निष्काशन बैंक" भन्नाले निष्काशन तथा बिक्री प्रबन्धकसँग सम्झौता गरी धितोपत्र निष्काशनको क्रममा आवेदकबाट प्राप्त हुने रकम जम्मा गर्न जिम्मेवारी लिने बाणिज्य बैंक सम्झनु पर्दछ ।

छ) "नियमन निकाय" भन्नाले श्री नेपाल धितोपत्र बोर्ड, श्री कम्पनी रजिष्ट्रारको कार्यालय, श्री उद्योग विभाग तथा विद्युत विकास विभाग सम्झनु पर्दछ ।

ज) "संस्थापक, सञ्चालक, कार्यकारी प्रमुख तथा व्यबस्थापन" भन्नाले रैराङ हाइड्रोपावर डेभपलमेण्ट कम्पनी लिमिटेडको संस्थापक, सञ्चालक, कार्यकारी प्रमुख तथा व्यबस्थापन सम्झनु पर्दछ ।

झ) "बोर्ड" भन्नाले नेपाल धितोपत्र बोर्ड सम्झनु पर्दछ ।

२. **विवरणपत्र तथा दरखास्त प्राप्त गर्ने र बुझाउने स्थान :**

**क) विवरण पत्र प्राप्त गर्ने स्थानको नाम र ठेगाना :**

१) एनआईबिल एस क्यापिटल लिमिटेड, लाजिम्पाट, काठमाडौं र बेवसाईटः www.niblcapital.com

२) रैराङ हाईड्रोपावर डेभलपमेण्ट कम्पनी लिमिटेड, थापाथली, काठमाडौं र बेवसाईटः www.rairanghydro.com.np

**ख) दरखास्त फाराम प्राप्त गर्ने र बुझाउने स्थान :**

नेपाल धितोपत्र बोर्डबाट स्वीकृति प्राप्त गरेका सम्पूर्ण आस्वा (ASBA) सदस्य बैंक तथा वित्तिय संस्थाहरु तथा तिनका शाखा कार्यालयहरु ।

(ग) १. **धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको उद्घोषण :**

हामीलाई निष्काशनकर्ता संगठित संस्था तथा यसका संस्थापक/संचालकहरुले उपलब्ध गराएको विवरण तथा जानकारीहरुको आधारमा यस संस्थाको ब्यबस्थापकीय, प्राविधिक र आर्थिक पक्षको विश्लेषणात्मक अध्ययनबाट हामी सन्तुष्ट हुनुको साथै विवरणपत्रमा लेखिएका आर्थिक विवरणहरु र अन्य जानकारी तथ्यगत, पूर्ण र सही देखिएकोले लगानीकर्ताहरुलाई लगानी सम्बन्धी निर्णय लिन मद्दत पुग्ने कुराप्रति विश्वस्त भई हामीले यो विवरणपत्र स्वीकृतीका लागि नेपाल धितोपत्र बोर्डमा "धितोपत्र सम्बन्धी ऐन २०६३" तथा "धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३" अनुरुपको योग्यता पुगेको प्रतिबद्धतापत्र (Due Diligence Certificate) प्रस्तुत गरेका छौं ।

२. **संगठित संस्थाको उद्घोषण :**

**क) संचालकको जिम्मेवारी तथा जवाफदेहिता सम्बन्धी :**

यो विवरणपत्र हामीले पुनरावलोकन गरी अनुमोदन गरेको हुनाले यस विवरणपत्रमा उल्लेख गरिएका विवरण तथा जानकारीहरुका साथै निष्काशन तथा बिक्री प्रबन्धकलाई दिएको वित्तीय विवरण, अन्य विवरण, जानकारी तथा कागजातहरुका सत्यता र शुद्धता प्रति र धितोपत्र दर्ता तथा निष्काशन अनुमति प्रयोजनका लागि नेपाल धितोपत्र बोर्डमा पेश गरिएको विवरणपत्र र सो सँग सम्बन्धित अन्य विवरण तथा जानकारीहरुको शुद्धता तथा सत्यताप्रति यस विवरणपत्रमा हस्ताक्षर गर्ने हामी संचालकहरु ब्यक्तिगत वा सामूहिक रुपमा जवाफदेहिता बहन गर्दछौं र धितोपत्र निष्काशनका लागि तोकिएका शर्त तथा आवश्यकताहरुको सम्बन्धमा आवश्यक जानकारी लिई हामी उद्घोषण गर्दछौं की तोकिएका शर्त तथा आवश्यकताहरु सबै पालना गरेका छु/छौं र लगानीकर्ताहरुलाई लगानी सम्बन्धी सूसुचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाएका छैनौं ।

**ख) संगठित संस्थाको जवाफदेहिता सम्बन्धी :**

यस रैराङ हाइड्रोपावर डेभलपमेण्ट कम्पनी लिमिटेडले प्रकाशित गरेको विवरणपत्र, सार्वजनिक प्रस्ताव, विज्ञापन वा अन्य कुनै सूचनामा उल्लेख भएका विवरणहरु बाहेक संगठित संस्थाको बारेमा प्रकाशित अन्य कुनै सूचना वा जानकारीको जवाफदेहीता संगठित संस्थामा नरहने र त्यस्तो सूचना, जानकारी वा विवरणको आधारमा लगानी गरेमा सो को जोखिम लगानीकर्ता स्वयंले बहन गर्नुपर्नेछ ।

**ग) नियमन निकायको नियमन ब्यबस्थाको पालना सम्बन्धी :**

प्रचलित कानून अनुसार आफ्नो उद्योग/व्यवसाय/सेवासँग सम्बन्धित नियमन निकाय (जस्तैः कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल बिद्युत प्राधिकरण आदी) को सार्वजनिक निष्काशन तथा अन्य नियमन व्यवस्था तथा निर्देशनहरुको पालना गरेको कुराको उद्घोषण गर्दछौं । साथै सार्वजनिक निष्काशन प्रयोजनको लागि तयार गरिएको विवरणपत्र र सो मा उल्लिखित सम्झौता वा अन्य विवरणहरु नेपाल धितोपत्र बोर्ड र कम्पनी रजिष्ट्रारको कार्यालयमा पेश गरेका छौं । साथै कम्पनी रजिष्ट्रारको कार्यालयबाट यस कम्पनीको पछिल्लो आ.व. २०७३/०७४ सम्मको कम्पनी अद्यावधिक भईसकेको छ ।

**घ) संस्थापक, संचालक तथा कार्यकारी प्रमुख सम्बन्धी उद्घोषण :**

१) यस कम्पनीको संस्थापक, संचालक वा प्रमुख कार्यकारी अधिकृत कर्जा सूचना केन्द्रको कालो सूचीमा रहेका छैनन् ।

२) यस कम्पनीको संचालक वा प्रमुख कार्यकारी अधिकृत कालो सूचीमा रहेको अन्य संगठित संस्थामा संचालक वा कार्यकारी प्रमुख छैनन् ।

३) सार्वजनिक निष्काशनमार्फत सर्वसाधारणबाट पूँजी संकलन गरी वेपत्ता भएका वा संचालनमा नरहेका वा लगानीकर्ताहरुको हित विपरीत हुने कार्य गरेको संगठित संस्थाको संचालक वा प्रमुख कार्यकारी अधिकृत यस कम्पनीको संचालक वा प्रमुख कार्यकारी अधिकृत छैनन् ।

४) धितोपत्र सम्बन्धी कानून विपरीत कार्य गरेको कारण धितोपत्र बजार वा धितोपत्र व्यवसायीको अनुमति खारेज भएको दश बर्ष पूरा नभएको संगठित संस्थाको संचालक वा प्रमुख कार्यकारी अधिकृत यस कम्पनीको सञ्चालक वा प्रमुख कार्यकारी अधिकृत छैनन् ।

५) यस कम्पनीको संचालक वा प्रमुख कार्यकारी अधिकृत धितोपत्र सम्बन्धी ऐनको दफा १०८ बमोजिम सञ्चालक वा प्रमुख कार्यकारी अयोग्य रहेका छैनन् ।

**३. संगठित संस्था सम्बन्धी जानकारी :**

**क) संगठित संस्थाको पृष्ठभूमि**

१) **संगठित संस्थाको नाम :** रैराङ हाइड्रोपावर डेभलपमेण्ट कम्पनी लिमिटेड (Rairang Hydropower Development Company Limited)

२) **कुन ऐन अन्तर्गत स्थापित भएको सो कुरा :** कम्पनी ऐन, २०६३ अन्तर्गत मिति २०७१/०१/२० गतेबाट पब्लिक कम्पनी लिमिटेडको रुपमा स्थापित भई काम गर्दै आएको कम्पनी हो ।

३) **संस्थाको रजिष्टर्ड ठेगाना :**यसकम्पनीको रजिष्टर्ड कार्यालय काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं ११, थापाथली, काठमाडौंमा रहेको छ । आवश्यकतानुसार स्वीकृती लिई अन्य स्थानहरुमा पनि रजिष्टर्ड कार्यालय सार्न वा शाखा कार्यालय खोल्न सकिनेछ ।

४) **जलविद्युत केन्द्र :**यस कम्पनीको जलविद्युत उत्पादन केन्द्र प्रदेश नं. १, पांचथर जिल्लाको याङवरक गाउँपालिका (साविक थर्पु गा.वि.स.) तथा ताप्लेजुंग जिल्लाको सिदिङ्वा गाउँपालिका (साविक साव्लांखु गा.वि.स.) मा रहेको छ ।

५) **संगठित संस्थाको स्थापनाकालदेखि हालसम्मको संक्षिप्त इतिहास र संगठित संस्थाको मुख्य उद्देश्यहरुः**

कम्पनीको स्थापनाकालदेखि हालसम्मको संक्षिप्त इतिहास देहाय बमोजिम रहेको छ ।

क) रैराङ हाइड्रोपावर डेभपलमेण्ट कम्पनी लिमिटेड प्रचलित कानून बमोजिम २०५९ वैशाख २ गते प्राइभेट कम्पनीको रुपमा दर्ता भई मिति २०७१ वैशाख २० गते पब्लिक कम्पनीमा परिणत गरिएको हो । यस कम्पनीको स्वामित्वमा धादिंङ जिल्लामा ५०० किलोवाट क्षमताको रैराङ जलविद्युत आयोजना मिति २०६१ साल देखि संचालनमा रहेको छ । यस कम्पनीको मुख्य उद्देश्यहरुमा देशमा रहेको अपार जलस्रोतको उपयोग गरि विद्युतशक्ति उत्पादन गर्दै जाने रहेको छ ।

ख) यस कम्पनीले दोस्रो आयोजनाको रुपमा पाँचथर तथा ताप्लेजुंग सीमाना भई बहने इवाखोलाबाट ९९०० कि.वा. क्षमताको इवाखोला जलविद्युत आयोजना पहीचान तथा सर्वेक्षण अध्ययन गरी मिति २०७० साल वैशाख २९ गते नेपाल नेपाल विद्युत प्राधिकरण र यस कम्पनी वीच उपरोक्त आयोजनाबाट उत्पादन हुने विद्युतशक्ति ३० वर्षको लागि विद्युत खरीद विक्री सम्झौता भएको हो । इवाखोला आयोजना निर्माणमा जनताको सहभागिता गर्न यस पब्लिक कम्पनी लिमिटेडमा परिवर्तन गरिएको हो ।

ग) यो कम्पनी प्रा. लि. कम्पनीवाट पब्लिक कम्पनीमा परिणत हुँदा बखतको चुक्ता पूँजी श्री रिडी हाइड्रोपावर डेभलपमेण्ट कम्पनी लिमिटेडको नाममा रहेको र इवाखोला आयोजना निर्माणको व्यवस्थापकीय कार्य रिडी हाइड्रोपावर डेभलपमेण्ट कम्पनीबाट भइरहेको छ । रिडी हाइड्रोपावर डेभलपमेण्ट कम्पनी लिमिटेडले गुल्मी तथा पाल्पा जिल्लाहरुको सीमाना भएर बहने रिडीखोलाबाट २४०० किलोवाट क्षमताको रिडीखोला जलविद्युत आयोजना निर्माण गरि मिति २०६६ कात्तिक १० गतेबाट व्यवसायिक रुपमा सञ्चालन गर्दै आएको छ ।

घ) नेपाल विद्युत प्राधिकरणसँग भएको विद्युत खरीद विक्री सम्झौतानुसार इवाखोला आयोजनाले विद्युत उत्पादन गर्नुपर्ने मिति २०७५ जेष्ठ १ गते रहेको छ ।

ङ) यस कम्पनीको रजिष्टर्ड कार्यालय, काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. ११, थापाथली, ट्रेड टावरमा अवस्थित छ ।

च) मिति २०७१ फागुन १ गते बैंक अफ काठमाडौं लिमिटेडको अगुवाईमा ५ वटा वाणिज्य वैंकहरुसंग इवाखोला आयोजना निर्माण गर्न रु. १०४ करोड वैंक ऋण सम्झौता रैराङ हाइड्रोपावर डेभलपमेण्ट कम्पनी लिमिटेडसँग भएको छ । बैंक अफ काठमाडौं लिमिटेडको अगुवाईमा अन्य वैंकहरुमा माछापुच्छ्रे वैंक लिमिटेड, सिटिजन्स् इन्टरनेशनल वैंक लिमिटेड, सिद्धार्थ बैंक लिमिटेड र एन.सि.सि. वैंक लिमिटेड रहेका छन् ।

छ) कम्पनीले इवाखोला दास्रो आयोजनाको रुपमा निर्माण कार्य गरिरहेको छ । आयोजनामा हालसम्म भएको कामका प्रगती तालिका नं. १ मा प्रस्तुत गरिएको छ । कम्पनीको प्रवन्धपत्र तथा नियमावली अनुसार जारी पूँजीको २५% शेयरमध्ये सञ्चालक समितिको निर्णय अनुसार उद्योग प्रभावित क्षेत्र (आयोजना प्रभावित पांचथर र ताप्लेजुङ जिल्लाका बासिन्दाहरु) का लागी १०% अर्थात रु. १०० अंकित दरका ५,६०,००० कित्ता साधारण शेयर निष्काशन गरी मिति २०७४/०४/०६ मा बाँडफाट गरिएको छ र बाँकि १५% अर्थात रु.१०० अंकित दरका ८,४०,००० किता शेयर सर्वसाधारणलाई निष्काशन तथा बितरण गरिनेछ ।

ज) यो प्रस्ताव तयार पार्दासम्म आयोजनाको औसत ९० प्रतिशत कार्य सम्पन्न भैसकेको छ जसको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

| **विवरण** | **कार्य प्रगती** | **%** |
|---|---|---|
| १. वित्तिय व्यवस्थापन | सम्पन्न | १०० |
| २. आधारभुत संरचनाहरु | | |
| (क) आवास गृह निर्माण | सम्पन्न | १०० |
| (ख) पहुच सडक निर्माण | सम्पन्न | १०० |
| (ग) आयोजना क्षेत्रमा प्रसारण लाईनका लागि कन्सट्रक्सन पावर | सम्पन्न | १०० |
| (घ) विस्तृत ईन्जिनियरीङ्ग डिजाईन | सम्पन्न | १०० |
| ३. सिभिल निर्माण कार्य | | |
| (क) बाँध, डिसेन्डर तथा गेट संरचनाहरु | निर्माणाधिन | ८८ |
| (ख) हेडरेस पाईपका संरचनाहरु | निर्माणाधिन | ८० |
| (ग) बिद्युत गृह तथा निकास नहर | निर्माणाधिन | ९८ |
| (घ) सर्ज टैंक | निर्माणाधिन | ६० |
| (ङ) स्वीचयार्ड | निर्माणाधिन | ६० |
| ४. मेटल संरचना निर्माण कार्य | | |
| (क) हेडरेस पाईप निर्माण | निर्माणाधिन | ८८ |
| (ख) हेडरेस पाईप जडान | निर्माणाधिन | ८० |
| (ग) पेनस्टक पाईप निर्माण | निर्माणाधिन | ९० |
| (घ) पेनस्टक पाईप जडान | निर्माणाधिन | ७० |
| (ङ) गेट निर्माण तथा जडान | निर्माणाधिन | ७५ |
| (च) वाई, टि-जोईन्ट तथा अन्य संरचनाहरु | निर्माणाधिन | ८५ |
| ५. मेशिन तथा अन्य उपकरणहरु | | |
| (क) प्रतित पत्र | सम्पन्न | १०० |
| (ख) मेशिन तथा अन्य उपकरणहरु आयात | सम्पन्न | १०० |
| (ग) मेशिन तथा अन्य उपकरणहरु जडान | निर्माणाधिन | १० |
| ६. प्रसारण लाईन | | |
| (क) ३३ के.भी. प्रसारण लाईन | सम्पन्न | १०० |
| (ख) १३२ के.भी. प्रसारण लाईन | निर्माणाधिन | ९० |
| ७. व्यावसायिक उत्पादन | | प्रस्तावित मिति २०७५ ज्येष्ठ १ गते |
| ८. व्यावसायिक उत्पादन मिति | | मिति २०७५ ज्येष्ठ १ गते |

झ) कम्पनीबाट उत्पादन भएको विद्युत राष्ट्रिय ग्रीडमा आवद्ध गरिनेछ छ । उत्पादिन विद्युतको मापन अमरपुरस्थित सवस्टेशनमा मिटर जडान गरि मासिक रुपमा नेपाल विद्युत प्राधिकरणलाई विलिङ गरिनेछ ।

ञ) यस आयोजनाको विद्युत खरिद बिक्री सम्झौता मिति २०७१ साल बैशाख २९ मा सम्पन्न भएको हो ।

ट) यस आयोजनाको कुल लागत १६० करोड र प्रति मेगावाट १६.१६ करोड रहेको छ ।

ड) यस आयोजनाको डिस्काउन्टमा लगानी फिर्ता हुने अवधि (Pay Back Period) ७.०६ वर्ष रहेको छ ।

ढ) यस आयोजनाको विद्युत उत्पादन अनुमति शुरु मिति २०७२/०४/१८ रहेको तथा अनुमति बहाल रहने मिति २१०७/०३/२७ सम्म रहेको छ ।

**कम्पनीको प्रबन्धपत्रको दफा ४ मा उल्लेख भए अनुसार यस कम्पनीको उद्देश्यहरु देहाय बमोजिम हुनेछन् :**

क) देशमा जलविद्युत शक्तिको विकास गर्न स्वदेशी वा विदेशी संघ संस्था तथा निजी उद्यमी एवं लगानीकर्ताहरुलाई एक आपसमा आवद्धगरी विद्युत शक्ति उत्पादन, वितरण, प्रशारण लाइन निर्माण तथा संभार कार्य गर्ने ।

ख) नेपाल सरकारको सम्बन्धित निकायको स्वीकृती लिई नेपाल अधिराज्यका नदी नालावाट विभिन्न स्तरका जल विद्युत आयोजनाहरुको निर्माण गरी संचालन गर्ने । वायुशक्ति, फ्यूल प्लान्ट वा अन्य विकसित प्रविधिसंग सम्बन्धित अनुसन्धान कार्य गर्नुका साथै उक्त संभावना देखिएका योजनाहरु तर्जुमा गरी विद्युत उत्पादन गर्ने ।

ग) नेपाल विद्युत प्राधिकरणले संचालन गरेका पुराना जलविद्युत केन्द्रहरुको पुनः संचालन गर्ने, विद्युत उत्पादन वृद्धिको लागि आवश्यक सम्झौता गर्ने, ठेक्का लिने, विद्युतसंग सम्बन्धित सेवा व्यवसाय गरी विदेशमा पवद्युत निर्यात गरी विदेशी मुद्रा आर्जन गरी देश विकासको काममा सहभागी बन्ने ।

घ) विद्युत प्रसारणका लागि विभिन्न भोल्टेजका ट्रान्समिसन लाइनहरुको अध्ययन निर्माण तथा मर्मत संभार सम्बन्धी कामहरु गर्ने ।

ङ) कम्पनीले आफ्नो उपयोग तथा अन्य संघसंस्था तथा उद्योगहरुको लागि Captive Power हुने गरी आयोजना निर्माण गर्न आवश्यक स्वीकृती लिई निर्माण तथा संचालन गर्ने ।

च) आन्तरिक तथा अन्तरदेशिय रुपमा विद्युत खरिद बिक्रीको काम गर्ने । विद्युत विक्री गर्न प्रसारण लाइन प्रयोग गरे बापत तिर्नुपर्ने Wheeling Charge भुक्तानी गरी विद्युत आदान प्रदान गर्ने ।

छ) कम्पनीले निर्माण गरेको प्रसारण लाइनबाट अन्य आयोजनाहरुले विद्युत प्रसारण गरेमा Wheeling Charge लिई प्रसारण गर्न दिने ।

ज) विद्युत उत्पादन सम्बन्धी प्रविधि हस्तान्तरणको निमित्त अनुभवी एवं ख्याती प्राप्त अन्तराष्ट्रिय कम्पनीहरुसंग मैत्रिपूर्ण सम्बन्ध स्थापना गरी कम्पनीहरुलाई हित हुने विषयहरुमा सम्झौता गर्ने तथा विचारको आदान प्रदान गर्ने, सभा, सेमिनारहरुको आयोजना गर्ने तथा देशमा विद्युतशक्तिको विकास गर्नको लागि आवश्यक जनशक्ति तयार गर्ने ।

झ) जलविद्युत, बैंक, वित्तीय संस्था, वीमा, सिमेन्ट कारखाना तथा अन्य कम्पनीहरुमा शेयरधनी भई लगानी गर्ने ।

ञ) जलविद्युत बाहेकका अन्य नविकरणीय उर्जा जस्तै हावाबाट विद्युत, सोलारबाट विद्युत, ग्यांसबाट विद्युत आदिको अध्ययन, अनुसन्धान, उत्पादन तथा विक्री वितरण गर्न अनुमति प्राप्त गर्ने र सो सम्बन्धी कार्य गर्ने ।

ट) कम्पनीले निर्माण गर्ने आयोजना प्रभावित जिल्लाहरुमा आय आर्जन, कृषि, पशुपालन सम्बन्धमा अध्ययन, अनुसन्धान तथा व्यवसाय विस्तार गर्ने गराउने ।

ठ) आवश्यकता अनुसार निम्न विषयहरुमा स्वेदश तथा विदेशमा रही परामर्शको कार्य गर्ने :

१. सिभिल, इलेक्ट्रीकल, मेकानिकल र कम्प्यूटर इन्जिनियरिङ सम्बन्धी परामर्श सेवा प्रदान गर्ने ।
२. वातावरण, भौगर्भिक, जल तथा मौसम र आर्थिक सामाजिम बस्तुस्थितीको अध्ययन गरी परामर्श सेवा प्रदान गर्ने ।
३. जलविद्युत आयोजनाहरुको पूर्व संभाव्यता, विस्तृत अध्ययन तथा विश्लेषण सम्बन्धी परामर्श गर्ने ।
४. नविकरणिय ऊर्जा सम्बन्धी अध्ययन तथा परामर्श सेवा प्रदान गर्ने ।
५. जलविद्युत सम्बन्धी आर्थिक तथा सामाजिक अध्ययन तथा विश्लेषण सम्बन्धी परामर्श गर्ने ।

**ड) संगठित संस्थाको कुनै सहायक कम्पनी भएमा सो सहायक कम्पनीको नाम, इतिहास र त्यसका मुख्य उद्देश्यहरुका साथै त्यसमा भएको लगानीको अंश (प्रतिशतमा) :** सो नभएको

**ढ) देहायका कुराहरु समेत उल्लेख गर्नु पर्ने (लागु हुने हदसम्म) :**

१) कम्पनीले उत्पादन गर्ने बस्तु वा प्रदान गर्ने सेवाहरु : साना तथा मझौला जलविद्युत आयोजनाको निर्माण, संचालन र व्यवस्थापन गर्ने ।

२) प्रयोग भएको वा गरिने विधि : जलस्रोतबाट जलविद्युत उत्पादन गर्ने ।

३) कुनै ब्रान्डनेम, प्रतिलिपि अधिकार, ट्रेडमार्क, इजाजतपत्र, प्राविधिक सहयोग सम्झौता र संगठित संस्थासँग सम्बन्धित बौद्धिक सम्पत्ति हक अधिकार : नभएको ।

४) संगठित संस्थाले ओगटेको बजार क्षेत्र : उत्पादित बिद्युत राष्ट्रिय विद्युत प्रणाली मार्फत नेपाल विद्युत प्राधिकरणलाई विक्री गर्ने ।

५) नयाँ उत्पादन तथा सेवा सम्बन्धी योजना : थप नयाँ जलविद्युत आयोजनाहरुको विकास गर्ने ।

६) उत्पादन तथा सेवाको प्रमुख बजार र त्यसको माग र बिक्री वितरणको तरिका :

क) इवाखोला आयोजनाबाट उत्पादन हुने विद्युतशक्ति नेपाल विद्युत प्राधिकरणसँग विक्री गर्नका विक्री खरीद विक्री सम्झौता भएको र उपरोक्त सम्झौताको अवधि ३० वर्ष रहेको छ ।

ख) प्रत्येक वर्ष ५,६६,२४,९५५ युनिट विद्युत विक्री नेपाल विद्युत प्राधिकरणसँग सम्झौता भएको र विक्री दर हिउँदको ४ महिना प्रति युनिट रु. ८.४० र वर्षायामको ८ महिना रु. ४.८० पैसा रहेको छ । यो विक्रीदरमा ५ पटकसम्मको लागि वार्षिक ३ प्रतिशतका दरले मूल्यबृद्धि कायम भएको छ ।

ग) विद्युत दिन नसकेमा वा विद्युत दिएर पनि नेपाल विद्युत प्राधिकरणले लिन नसकेमा विद्युत खरिद सम्झौताको दफा १०.१, १०.२ र १०.३ मा क्षतिपूर्तिको व्यवस्था गरिएको छ ।

घ) उत्पादन भएको विद्युतशक्ति अमरपुर तथा कावेली वी १ आयोजनाको स्वीचयार्डमा राखिएको मिटरहरुबाट गणना गरि मासिक विल तयार गरिनेछ । पहिलो विलको भुक्तानी ४५ दिन भित्र हुनेछ भने वाँकी विलहरुको भुक्तानी मासिक रुपमा हुने व्यवस्था रहेको छ ।

ङ) अमरपुर सवस्टेशनबाट उत्पादित विद्युत राष्ट्रिय ग्रीडमा आवद्ध हुनेछ ।

७) उत्पादन/संचालन क्षमता र सो को उपभोग स्थिति : ९.९ मेगावाट क्षमताको जलविद्युत आयोजना निर्माण कार्य भई रहेको छ । मिति २०७५/०२/०१ गतेदेखि विद्युतको ब्यापारिक उत्पादन गर्ने सम्झौता अनुसार निर्माण कार्य तदारुकताको साथ भइरहेको छ ।

८) कच्चा पदार्थको श्रोत, किसिम र उपलब्धता : इवाखोलाबाट प्राकृतिक बहावमा आधारित पानी ।

९) गुण नियन्त्रणका लागि गरिएको व्यवस्था : जलविद्युत संरचना र बिद्युत उपकरणहरु उपयुक्त अवस्थामा राख्न आवश्यक व्यवस्था गरिएको छ ।

१०) अनुसन्धान तथा विकास : नयाँ आयोजनाहरुको अध्ययन, विश्लेषण एवं विकास कार्य हाल नभएको ।

११) विगत १२ महिनाको अवधिमा संस्थाको संचालनमा असर पर्ने गरी भएको वाधा, व्यवधान : नभएको ।

१२) मजदुर संगठनसँगको सम्बन्ध र विगतमा कुनै औद्योगिक विवाद भएको भए, सो सम्बन्धी विवरण : नभएको ।

१३) बजार, प्रतिस्पर्धा र अन्य समान उद्योगहरु बीच संगठित संस्थाको स्थिति : एक मात्र विद्युत खरीदकर्ता नेपाल विद्युत प्राधिकरण रहेको र ३० वर्षको लागि विद्युत खरीद विक्री सम्झौता भएकाले बजार समस्या तथा प्रतिस्पर्धा नभएको ।

१४) प्रमुख ग्राहकहरुको विवरण (जस्तै-संस्थाको कूल वार्षिक कारोबारमा १०% वा सो भन्दा बढीले योगदान गर्ने वा व्यवसायको लागि संगठित संस्था कुनै प्रमुख ग्राहकसँग निर्भर छ भने तत्सम्बन्धी विवरण : नेपाल बिद्युत प्राधिकरण ।

१५) प्रमुख सप्लायर्सहरुको विवरण (जस्तै-संस्थाको कूल कारोबारमा १०% वा सो भन्दा बढीले योगदान गर्ने सप्लायर्स वा व्यवसायको लागि संगठित संस्था कुनै प्रमुख सप्लायर्ससँग निर्भर छ भने तत्सम्बन्धी विवरण : जलविद्युत केन्द्रमा कार्यरत प्रमुख ठेकेदार कम्पनी तथा जडानहुने उपकरणहरुका प्रमुख सप्लायर्स र सामानको विवरण देहाय बमोजिम रहेकोछ:

| S.N. | Name | Scope of Work | Equipment |
|---|---|---|---|
| 1. | M/s Makalu Developers Limited Thapathali, Kathmandu | Civil Contruction Work | - |
| 2. | M/s Api Hydromechanical Ltd. Thapathali, Kathmandu | Hydro Mechanical Work | - |
| 3. | M/s Steel Authority of India Limited, Kolkata, India | MS Plate Suppliers | |
| 4. | M/s ANDRITZ Hydro (Pvt) Ltd. Faridabad, India | Electro-mechanical Equipment Suppliers | Major Equipment Manufacturer and supplier |
| 5. | M/s NEON Energy (Pv) Ltd. Gurgaun, India | Transformer and Sub Station Accessories Suppliers | Sub-Station Equipment |

ख) **सम्पत्तिको विवरण :**

१) संगठित संस्थाको उपकरण (प्लान्ट) तथा अन्य सम्पत्ति रहेको स्थान र उपकरण तथा सम्पत्तिको अवस्था : कम्पनीको स्वामित्वमा धादिंङ जिल्लाको थाक्रे गा.वि.स. मा ५०० किलोवाट क्षमताको रैराङ जलविद्युत आयोजना वि.सं. २०६१ सालदेखि सञ्चालनमा रहेको छ । कम्पनीले तत्काल पाँचथर तथा ताप्लेजुङ जिल्लाहरुको सीमाना भई बहने इवाखोलामा ९.९ मे.वा. क्षमताको इवाखोला आयोजना निर्माण गरिरहेको छ । हालसम्म कम्पनीको नाममा सृजना भइसकेको चल अचल सम्पत्तिको विवरण तथा उपकरण प्लान्ट तथा अन्य सम्पत्तिको विवरण रहेको स्थान पछिल्लो अवस्था तथा रकम विवरण तलको तालिकामा उल्लेख गरिएको छ ।

| सम्पत्ति तथा जायजेथा (आ.व. २०७४/७५ पौष मसान्त) | रकम |
|---|---|
| **सम्पत्ति** | |
| **दीर्घकालिन सम्पत्ति (रैराङ खोला तथा इवाखोला आयोजना)** | |
| सम्पत्ति, प्लाण्ट तथा मेसिनरी | ९५,५३,२५,५९२ |
| न्युन: सञ्चित ह्रास | ० |
| कुल सम्पत्ति, प्लाण्ट तथा मेसिनरी | ९५,५३,२५,५९२ |
| लगानी | ७०,००,००० |
| **जम्मा दीर्घकालिन सम्पत्ति** | ९६,२३,२५,५९२ |

| **चालु सम्पत्ति** | |
|---|---|
| नगद तथा बैंक मौज्दात | ६,५१,२३० |
| पेश्की, धरौटी तथा प्राप्त हुन बाँकी | ४३,२६,२२,९८२ |
| **जम्मा चालु सम्पत्ति** | ४३,३२,७४,२१२ |
| **जम्मा सम्पत्ति** | **१,३९,५५,९९,८०४** |

इवाखोला आयोजनाको

आ.व. २०७४/७५ पौष मसान्त सम्मको

**उपकरण तथा अन्य सम्पत्तीको विवरण रहेको स्थान पछिल्लो अवस्था तथा रकम**

| सि.नं. | विवरण | पछिल्लो अवस्था | रकम | प्रतितपत्र विवरण | कैफियत |
|---|---|---|---|---|---|
| १. | जग्गा | १५० रोपनी जग्गा खरिद भैसकेको। | रु. २,३३,६४,७८५ | | |
| २. | मुख्य मेशिन तथा उपकरणहरु | आयात भई परियोजना स्थलमा पुगिसकेको, जडान गर्न बांकी । | US$ १६,७६,८५६/- | एल.सी.नं. ००५१८ | धरौटी वाहेक भुक्तानी भैसकेको । |
| ३. | ट्रान्सफर्मर तथा अन्य उपकरणहरु | आयात भई परियोजना स्थलमा पुगिसकेको, जडान गर्न बांकी । | भा.रु.८,०३,५८,६५८/- | एल.सी.नं. ००५४११ | धरौटी वाहेक भुक्तानी भैसकेको । |
| ४. | गेट होस्टीङ्गका उपकरणहरु | निर्माण सम्पन्न भई परियोजना स्थलमा पुगिसकेको, जडान गर्न बांकी । | भा.रु. ८८,००,०००/- | एल.सी.नं. ००५३४८ | भुक्तानी भैसकेको । |
| ५. | सिभिल संरचना | ८८ % काम सम्पन्न भैसकेको । | रु. ४२,४१,६८,४८०/- भुक्तानी भैसकेको । | | |
| ६. | मेटल संरचना (हेडरेस पाईप, गेटस् तथा पेनस्टक पाईप) | ७० % काम सम्पन्न भैसकेको । | रु. ६,७४,६३,८६९/- भुक्तानी भैसकेको । | | |
| ७. | प्रसारण लाईन | ९० % काम सम्पन्न भैसकेको । तर तान्न बाँकी रहेको । | | | |

२) बूंदा(क) मा उल्लेखित सम्पत्ति संगठित संस्थाको आफ्नै सम्पत्ति हो या लिजमा लिएको, लिजमा लिएको भए लिजको अवधि (मिति समेत उल्लेख गर्नुपर्ने) : आफ्नै सम्पत्ति भएको र लिजमा नलिएको ।

३) यदि सम्पत्ति संगठित संस्थाको स्वमित्वमा रहेको भएमा उक्त सम्पत्ति माथि कुनै लियन वा मोर्टगेज भए सो सम्बन्धी विवरण : कम्पनीको स्वामित्वमा रहेको सम्पत्ति आयोजना सञ्चालन तथा निर्माणको लागि लिएको कर्जाको लागि बैंक, बैंक अफ काठमाडौं लिमिटेड, माछापुच्छ्रे बैंक लिमिटेड, एनसिसि बैंक, सिद्धार्थ बैंक लिमिटेड र सिटिजन्स् बैंक इन्टरनेशनलमा धितोबन्दक रहेको छ ।

४) विवरणपत्र बोर्डमा पेश गरिएको मितिमा संगठित संस्थाको सम्पत्तिको कितावी मूल्य र बजार मूल्य बीच फरक भएमा सोको विवरण : कम्पनीको सम्पत्तिहरुको मूल्य परल मोलमा नै राखिएको र पुनर्मूल्यांकन गरिएको छैन ।

५) सम्पत्तिको मूल्यांकन गरिएको तरीका सम्बन्धी विवरण : लागु नहुने ।

**ग) भावी योजना तथा रणनीति :**

**१) व्यवसाय/सेवाको बृद्धिका लागि संस्थाको भावी योजना र त्यस्तो योजनाको प्राप्तीका लागि चालिने समयवद्ध रणनीति :**

- यस कम्पनीको प्रमुख उद्देश्यहरुमा नेपालमा भएका प्राकृतिक सम्पदाहरुको उपयोग गरि विद्युत उत्पादन गर्ने रहेकोले सोही बमोजिम कार्यहरु तदारुकताका साथ अगाडी बढाइनेछ ।
- पहिलो ५०० किलोवाट क्षमताको रैराङ आयोजना पश्चात् हाल निर्माण भइरहेको इवाखोला आयोजना निर्माण सम्पन्न गरी संञ्चालन गर्नु तत्कालको प्रमुख लक्ष्य रहेको छ ।
- इवाखोला आयोजनाको निर्माण पश्चात् कम्पनीको आयमा हुने प्रवाहको आधारमा ठुला नयाँ आयोजनाहरुको खोजी गरि नयाँ जलविद्युत आयोजनाहरुको निर्माण गर्दै जाने लक्ष्य रहेको छ ।
- कम्पनीले अनुमती प्राप्त गरेको ५ मे.वा. क्षमताको सौर्य ऊर्जाको अध्ययन तथा निर्माण गरि संचालन गर्ने तथा अन्य नविकरणीय उर्जाको क्षेत्रमा काम गर्दै जानेछ ।

**२) प्रतिस्पर्धा, विद्यमान आर्थिक स्थिति र समान किसिमको उद्योगको स्थितिको आधारमा संगठित संस्थाको व्यवसायको भविष्य :**
नेपालमा जलविद्युत उत्पादनको प्रचुर संभावना रहेको भएपनि वर्तमान अवस्थामा विद्युतको माग र आपूर्ति बीच ठूलो खाडल रहेको छ । जसले गर्दा नेपाली जनताले चर्को लोडसेडिङको मार खप्नु परिरहेको छ । यसको पर्याप्त विकास हुन सके छिमेकी मुलुकरुमा निर्यात गर्न पनि सकिन्छ । त्यसैले यो ब्यवसायमा प्रतिस्पर्धाको अवस्था आउने छैन । यसर्थ, कम्पनीले आफ्नो ब्यवसायको निरन्तरताका लागि अगाडि बढाएका जलविद्युत आयोजनाहरुको निर्माण र अन्य आयोजनाको पहिचान तथा विकास गर्दा अन्य बस्तुको जस्तो प्रतिस्पर्धा गर्नु पर्दैन ।

**घ) सञ्चालक समितिको संरचना र प्रतिनिधित्व सम्बन्धी व्यवस्था :**
कम्पनीको नियमावलीको नियम ३१ मा भएको व्यवस्था अनुसार ८ (आठ) जनासम्मको सञ्चालक समिति हुनेछ । हाललाई संस्थापक समुहबाट ५ सदस्यीय सञ्चालक समिति रहेकोछ । सञ्चालकहरुको प्रतिनिधित्व तपसिलको तालिका अनुसारको हुनेछ ।

| क्र.सं. | सञ्चालक समुह | प्रतिनिधित्व संख्या |
|---|---|---|
| १. | संस्थापक | ५ (पाँच) |
| २. | सर्वसाधारण | २ (दुई) |
| ३. | स्वतन्त्र (विज्ञ) | १ (एक) |

कम्पनीको नियमावली नियम २८ मा भएको व्यवस्था अनुसार सञ्चालक हुनको लागि कम्पनीको कम्तीमा १०० (एक सय) कित्ता शेयर आफ्नो नाममा खरिद गरेको हुनुपर्नेछ । तर स्वतन्त्र संचालक र संगठित संस्थाको प्रतिनिधित्व गर्ने सञ्चालकको हकमा यो व्यवस्था लागु हुने छैन ।

**४ पूंजी संरचना सम्बन्धी जानकारी**

**क) अधिकृत पूँजी (Authorised Capital):**
कम्पनीको अधिकृत पूँजी रु. १,००,००,००,०००/- (एक अर्व मात्र) हुनेछ । सो पूँजीलाई प्रति शेयररु. १००/- दरका १,००,००,०००थान साधारण शेयरमा विभाजन गरिएको छ ।

**ख) जारी पूंजी (Issued Capital):**
कम्पनीको तत्काल जारी गर्ने शेयर पूँजी रु. ५६,००,००,०००/- (छपन्न करोड मात्र) हुनेछ । सोपूँजीलाई प्रति शेयर रु. १००/- दरले ५६,००,००० थान साधारण शेयरमा विभाजन गरिएको छ ।

**ग) चुक्ता पूंजी (Paid up Capital):**
कम्पनीको जारी पूँजी मध्ये संस्थापकहरुले तत्काल चुक्ता गर्न कबुल गरेको पूँजी रु. ४२,००,००,०००/- (बयालीस करोड मात्र) रहेको छ । उद्योग प्रभावित क्षेत्रका बासिन्दाहरुबाट रु.५,६०,००,०००/- (पांच करोड साठी लाख) चुक्ता भएको र बाँकी रु. ८,४०,००,००० (अक्षरेपी आठ करोड चालीस लाख) रकम बराबरको शेयर यस विवरणपत्र मार्फत सार्वजनिक निष्काशन पश्चात् कम्पनीको चुक्ता पूँजी रु. ५६,००,००,०००/– (छपन्न करोड) हुनेछ ।

**कम्पनीको स्थापना पश्चात् अधिकृत,जारी एवं चुक्तापूंजीमा निम्न बमोजिम परिवतर्न भएको छ ।**

**कम्पनी स्थापना हुंदाको बखत कायम पूंजी देहाय बमोजिम रहेको:**

| क्र.सं. | विवरण | पूंजी |
|---|---|---|
| १. | अधिकृत पूँजी | रु. २,००,००,०००/– |
| २. | जारी पूँजी | रु. ४०,००,०००/– |
| ३. | तत्काल चुक्ता पूँजी | रु.४०,००,०००/– |

**स्थापना पश्चात् मिति २०७४/१२/२५ सम्ममा कम्पनी रजिष्ट्रारको कार्यालयमा भएको अभिलेख बमोजिम हाल कायम रहेको पूंजी देहाय बमोजिम रहेको:**

| क्र.सं. | विवरण | आ.व.२०७१/७२ | आ.व.२०७२/७३ र २०७३/७४ | आ.व.२०७४/७५ |
|---|---|---|---|---|
| १. | अधिकृत पूँजी | रु. १,००,००,००,०००/– | रु. १,००,००,००,०००/– | रु. १,००,००,००,०००/– |
| २. | जारी पूँजी | रु. ४८,००,००,०००/– | रु. ५६,००,००,०००/– | रु. ५६,००,००,०००/– |
| ३. | चुक्ता पूँजी | रु. ३,१५,००,०००/– | रु. ३,१५,००,०००/– | रु. ४७,६०,००,०००/– |

**घ) निष्काशन पछिको चुक्ता पूंजी (समूहकृत गरिएको अवस्थामा सोहि अनुरुप)**

सर्वसाधारणलाई शेयर निष्काशन गरी बाँडफाँट गरे पश्चात् कम्पनीको पूँजी संरचना :

| शेयरधनीहरु | साधारण शेयर संख्या | पूँजी संरचना | चुक्तापूँजी रकम (रु.) | भुक्तानी प्रतिशत |
|---|---|---|---|---|
| संस्थापक शेयरधनी | ४२,००,००० | ७५% | ४२,००,००,०००/- | शतप्रतिशत |
| उद्योग प्रभावित क्षेत्रका शेयरधनीहरु | ५,६०,००० | १०% | ५,६०,००,०००/- | शतप्रतिशत |
| सर्व साधारण शेयरधनीहरु(कर्मचारी समेत) | ८,४०,००० | १५% | ८,४०,००,०००/- | शतप्रतिशत |
| **जम्मा** | **५६,००,०००** | | **५६,००,००,०००/** | |

नोट : सर्वसाधारणहरुलाई बिक्री गरिने शेयर रकम चुक्ता हुन बाँकी रहेको छ ।

ङ) **शेयर प्रिमियम खाता (निष्कासन पूर्व र निष्कासन पश्चात्)** : शेयरमा प्रिमियम खाताको व्यवस्था हाल नरहेको ।

५. **संस्थापक/सञ्चालक सम्बन्धी जानकारी :**

**अनुभव र प्रस्तावित ब्यापार/ब्यवसायमा अनुभव :**

**क) संस्थापक/संचालकको पृष्ठभूमी :**

यो विवरण पत्र प्रकाशनको समयमा कम्पनीमा कुल ५२८५ जना शेयरधनीहरु रहनुभएको छ जसमध्ये ३५५ जना संस्थापक शेयरधनी तथा ४९३० जना सर्वसाधारणशेयरधनीहरु (उद्योग प्रभावित क्षेत्रको लागि प्रकाशित विवरण पत्रबाट छानिनु भएका सर्वसाधारण शेयरधनी) रहनु भएको छ । कम्पनी रजिष्ट्रारवाट स्वीकृत संस्थापक शेयरधनीहरुको शेयर लगत विवरण धितोपत्र बोर्डमा पेश गरिएको छ ।

**१) आधारभुत शेयरधनीहरु तथा सञ्चालकहरुको नाम, पद, उमेर, राष्ट्रियता, ठेगाना, शेयर स्वामित्व, शैक्षिक योग्यता, आधारभुत शेयरधनीको विवरणः**

| क्र.सं. | नाम | उमेर | राष्ट्रियता | ठेगाना | शेयर स्वामित्व कित्ता | शैक्षिक योग्यता र अनुभव |
|---|---|---|---|---|---|---|
| १ | रिडी हाइड्रोपावर डेभलपमेन्ट कम्पनी लि | - | - | थापाथली-११, काठमाण्डौं | १४,००,००० | जल विद्युत क्षेत्र तथा अन्य क्षेत्रमा कार्य गर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयमा मिति २०५९ मा दर्ता भई कार्य गरिरहेको । |

**सञ्चालकहरुको विवरण :**

| क्र.सं. | नाम | पद | उमेर | राष्ट्रियता | ठेगाना | शेयर स्वामित्व कित्ता | शैक्षिक योग्यता | अनुभव |
|---|---|---|---|---|---|---|---|---|
| १. | शिवरतन शारडा | अध्यक्ष | ७२ | नेपाली | काठमाडौं-११, थापाथली, | १४५००० | बि.ए. आनर्स, | शारडा ग्रुपको अध्यक्ष, चाउचाउ, खाद्य, सिमेण्ट तथा तार उद्योग, गाडी, मोवाइल तथा इलेक्ट्रिकल व्यापार क्षेत्रमा ४० वर्षको अनुभव । |
| २. | गुरुप्रसाद न्यौपाने | प्रबन्ध सञ्चालक | ६५ | नेपाली | काठमाडौं-३४, बानेश्वर | ४९१६०० | एम.ए. अर्थशास्त्र | अरुण भ्याली हाईड्रोपावर कम्पनीको संस्थापक, नेपाल राष्ट्र बैंक३० बर्षको तथा हाईड्रोपावरमा १८ वर्षको अनुभव । |
| ३. | वच्छराज तातेड | सञ्चालक | ७० | नेपाली | काठमाडौं-११, थापाथली, | १००००० | बि. ई. | एजि. इन्टरप्राइजेज, विशाल प्लाष्टोक्यावको सञ्चालक, रिडी हाइड्रोपावर डे. कम्पनी लि. को अध्यक्ष र सनराइज बैंकको सञ्चालक, उद्योग तथा व्यापार क्षेत्रमा २० वर्षको अनुभव |
| ४. | कुवेरमणि नेपाल | सञ्चालक | ४३ | नेपाली | काठमाडौं-३२, कोटेश्वर | १९०५५० | एम.एस. सी | रिडीखोला हाइड्रोपावरको सञ्चालक, जलविद्युत आयोजनाहरुको निर्माण तथा व्यवस्थापन कार्यमा १६ वर्षको अनुभव । |
| ५. | रमेशप्रसाद न्यौपाने | सञ्चालक | ४४ | नेपाली | काठमाडौं-३१, बानेश्वर | १०४२५० | बि.बि.ए स. | अरुणभ्याली हाड्रोपावर कम्पनीको अध्यक्ष, हाड्रोपावर क्षेत्रमा १६ वर्षको अनुभव । |

२) **संस्थापकहरु कुनै कम्पनी/संस्था भएमा त्यस्तो कम्पनी/संस्थाको नाम तथा ठेगाना सहितको संक्षिप्त विवरण र उक्त कम्पनी/संस्थाका संचालकहरुको नाम, ठेगाना (प्राकृतिक व्यक्ति नखुलेसम्म)** :

| सि.नं | संस्थाको नाम,ठेगाना | सञ्चालकहरुको नाम,ठेगाना | संक्षिप्त विवरण |
|---|---|---|---|
| १ | रिडी हाइड्रोपावर डेभलपमेन्ट कम्पनी लि. | १. बच्छराज तातेड-अध्यक्ष, थापाथली, काठमाडौ ।<br>२. गुरु प्रसाद न्यौपाने-कार्यकारी सञ्चालक, बानेश्वर, काठमाडौ ।<br>३. कुवेरमणि नेपाल- सञ्चालक कोटेश्वर, काठमाडौ ।<br>४. रमेशप्रसाद न्यौपाने- सञ्चालक बानेश्वर, काठमाडौ । | जलविद्युत क्षेत्र तथा अन्य क्षेत्रमा कार्य गर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयमा मिति २०५७/११/२८ मा दर्ता भएको । |

| | | | |
|---|---|---|---|
| | | ५. आलोक के.सी.-सञ्चालक<br>बानेश्वर, काठमाडौ ।<br>६. धर्म प्रसाद मैनाली-सञ्चालक<br>जेरपाटी, काठमाडौ ।<br>७. ध्रुव राज ज्ञावली-सञ्चालक<br>बानेश्वर, काठमाडौ । | |
| २ | अरुणभ्याली हाइड्रोपावर डेभलपमेन्ट कं.लि. | १. रमेशप्रसाद न्यौपाने- कार्यकारी अध्यक्ष, बानेश्वर, काठमाडौ ।<br>२. जिवन राज शाक्य- सञ्चालक<br>डल्लु, काठमाडौ ।<br>३. विवेक तातेड- सञ्चालक<br>थापाथली, काठमाडौ ।<br>४. मिलन खडका-सञ्चालक<br>लगनखेल, ललितपुर । | जलविद्युत क्षेत्र तथा अन्य क्षेत्रमा कार्य गर्ने उद्धेश्यले कम्पनी रजिष्ट्रार कार्यालयमा मिति २०५४/११/२८ मा दर्ता भएको । |
| ३ | बकस इन्भेष्टमेन्ट कम्पनी प्रा. लि. | १. समिर नेपाल-अध्यक्ष,<br>बसुन्धारा, काठमाडौ ।<br>२. कुवेरमणि नेपाल -प्रबन्ध सञ्चालक,<br>कोटेश्वर, काठमाडौ ।<br>३. एकमणि नेपाल- सञ्चालक<br>बसुन्धारा, काठमाडौ ।<br>४. लेखनाथ नेपाल- सञ्चालक<br>गोठाटार, काठमाडौ ।<br>५. श्याम प्रसाद नेपाल-सञ्चालक<br>किर्तीपुर, काठमाडौ ।<br>६. सन्तोषमणि नेपाल-सञ्चालक<br>ललितपुर, काठमाडौ ।<br>७. गृवेन्द्र नेपाल-सञ्चालक<br>टोखा, काठमाडौ ।<br>८. झुमा देवान, काठमाडौं<br>९. राजकुमार नेपाल, काठमाडौं । | विभिन्न क्षेत्रमा लगानी गर्ने उद्देश्यले कम्पनी रजिष्ट्रार कार्यालयमा मिति २०७१/०४/३१ मा दर्ता भएको। |
| ४ | स्टार क्यापिटल म्यानेजमेन्ट प्रा.लि. | १. कृष्ण कुमार अग्रवाल-अध्यक्ष,<br>वीरगंज-१३, पर्सा ।<br>२. सज्जन कुमार अग्रवाल -प्रबन्ध सञ्चालक,<br>वीरगंज-१३, पर्सा ।<br>३. अश्विनी कुमार अग्रवाल- सञ्चालक<br>वीरगंज-१३, पर्सा ।<br>४. बर्खा अग्रवाल- सञ्चालक<br>वीरगंज-१३, पर्सा ।<br>५. निर्मला गिरी-सञ्चालक<br>वीरगंज-१३, पर्सा । | विभिन्न क्षेत्रमा लगानी गर्ने उद्धेश्यले कम्पनी रजिष्ट्रार कार्यालयमा दर्ता भएको। |
| ५ | अपी हाईड्रोमेकानीकल लि. | १. संजीब न्यौपाने - अध्यक्ष<br>नयां बानेश्वर-३४, काठमाडौं<br>२. सतिस न्यौपाने - सञ्चालक<br>नयां बानेश्वर-३४, काठमाडौ<br>३. महेन्द्र न्यौपाने - सञ्चालक<br>मध्यपुर ठिमी न.पा.-१, लोकन्थली | हाईड्रो मेकानिकल, ट्रान्समिसन लाईन, ईलक्ट्रिल ईन्जिनीयरीङ्ग सम्बन्धि कार्य गर्ने उद्धेश्यले कम्पनी रजिष्ट्रार कार्यालयमा दर्ता भएको। |

३) **संगठित संस्थाका संचालकहरु, अन्य कुनै संस्था, कोष संगठनसंग आवद्ध भए त्यस्तो सञ्चालक र आवद्ध भएको संस्थाको नाम ठेगाना :**

| क्र.सं. | नाम | सम्वन्धित रहेको संस्था, फर्म र कम्पनीहरु |
|---|---|---|
| १. | श्री शिव रतन शारडा | अध्यक्ष - सारडा ग्रुप |
| २ | श्री गुरुप्रसाद न्यौपाने | स्न्चालक - अपी पावरकम्पनी लिमिटेड, अध्यक्ष - अरुण कावेली पावर लिमिटेड, अध्यक्ष-कंचनजँघा हाउजीङ्ग लिमिटेड |
| ३ | श्री वच्छराज तातेड | सञ्चालक - सनराईज बैंक लि., सञ्चालक - रिडी हाइड्रोपावर डेभलपमेन्ट कम्पनी लि. |
| ४ | श्री कुवेरमणि नेपाल | सञ्चालक- रिडी हाइड्रोपावर डेभलपमेन्ट कम्पनी लि., प्रबन्ध सञ्चालक - बकस ईन्भेष्टमेन्ट कम्पनी प्रा. लि. |
| ५. | श्री रमेशप्रसाद न्यौपाने | अध्यक्ष - अरुणभ्याली हाइड्रोपावर डेभलपमेन्ट कं.लि, सञ्चालक- रिडी हाइड्रोपावर डेभलपमेन्ट कम्पनी लि. |

*कम्पनीका प्रबन्ध सञ्चालक श्री गुरुप्रसाद न्यौपाने, सञ्चालक श्री वच्छराज तातेड, सञ्चालक श्री कुवेरमणि नेपाल तथा सञ्चालक श्री रमेशप्रसाद न्यौपानेरिडी हाइड्रोपावर डेभलपमेण्ट कम्पनी लिमिटेडबाट प्रतिनिधित्व हुनु भएको । वहाहरु समान उद्देश्यका अन्य कम्पनीहरुसँग आवद्धता देखिएकाले कम्पनीको आगामी वार्षिक साधारण सभा गर्दा नदोहोरिने प्रतिवद्धता कम्पनी रजिष्ट्रारको कार्यालयमा पेश गरिएको ।*

४) **संस्थापक ⁄ सञ्चालकको हक हस्तान्तरण बन्देज सम्बन्धी विवरण :**

क) प्रचलित कानूनको अधिनमा रही कम्पनीको शेयर कुनै ब्यक्ति वा संस्थालाई बिक्री वा हस्तान्तरण गर्न सकिनेछ ।

ख) प्रचलित कानूनको स्वीकृती लिई संस्थापक र सर्वसाधारण समुहको शेयर स्वामित्व अनुपातमा परिवर्तन गर्न सकिनेछ।

ग) कम्पनीले कारोबार संचालन गरे पश्चात प्रबन्धपत्र, नियमावली र अन्य सम्बन्धित कानूनको अधिनमा रही आफ्नो शेयर बिक्री वा धितोबन्धक राख्न सकिनेछ । यस ब्यवस्था बमोजिम कम्पनीले कारोबार संचालन गरेको पाँच बर्ष नपुगे तापनि कम्पनीको सञ्चालनमा कुनै बाधा व्यवधान उत्पन्न भई विशेष परिस्थितिको सृजना हुन गएमा सम्बन्धित निकायको स्वीकृती लिई संस्थापकहरु बीच शेयर खरिद बिक्री गर्न सकिनेछ । तर, त्यसरी हक छोड्दा वा हस्तान्तरण गर्दा पहिलो प्राथमिकता जुन समूहको शेयर हो सोही समूहका शेयरधनीहरूलाई दिनु पर्नेछ । यसरी शेयर बिक्री गर्दा एक भन्दा बढी शेयरधनीले शेयर खरिद गर्न चाहेमा निजले धारण गरेको शेयरको अनुपातमा बिक्री गर्नु पर्नेछ । सो समूहका कुनै पनि संस्थापक शेयरधनीले शेयर लिने इच्छा नगरेमा मात्र त्यस्तो शेयर संचालक समितिको निर्णय बमोजिम सम्बन्धित निकायको स्वीकृती लिई अन्य व्यक्ति, फर्म, कम्पनी वा संस्थालाई बिक्री गर्न सकिने छ ।

घ) सर्वसाधारणले शेयर खरिद गर्दा प्रतिव्यक्ती न्यूनतम ५० कित्ता वा १० अंकले भाग गर्दा शेष नरहने गरी ४,२००( चार हजार दुई सय) कित्ता शेयर खरिद गर्न आवेदन गर्न सक्नेछन ।

ङ) कम्पनीका सञ्चालक, कार्यकारी प्रमुख, लेखापरिक्षक, सचिव वा कम्पनीको ब्यवस्थापन तथा लेखा सम्बन्धी कार्यमा प्रत्यक्ष रुपले संलग्न ब्यक्तिले त्यस्तो पदमा बहाल रहँदाको बखत वा त्यस्तो पदबाट अवकाश प्राप्त गरेको कम्तीमा एक बर्षसम्म कम्पनी वा त्यसको सहायक कम्पनीको शेयर आफ्नो वा आफ्नो परिवारको नियन्त्रणमा रहेको फर्म, कम्पनी वा संस्थाको नाममा खरिद बिक्री गर्न, गराउन, गर्न दिन, धितोबन्धक राख्न, राख्न लगाउन वा दान बकस लिन, दिन वा लेनदेन गर्न हुँदैन ।

च) कसैले खण्ड (ङ) को विपरित काम गरेमा त्यस्तो शेयर कम्पनीले जफत गर्न सक्नेछ र त्यसरी जफत भएको शेयर सञ्चालक समितिले उचित ठहऱ्याएको प्रकृयाबाट बिक्री बितरण गर्न सक्नेछ ।

छ) शेयर खरिद वा हस्तान्तरण गर्न बन्देज सम्बन्धी अन्य व्यवस्था प्रचलित कम्पनी सम्बन्धी कानून तथा अन्य प्रचलित कानूनमा उल्लेख भए बमोजिम हुनेछ ।

**ख) संस्थापक ⁄ संचालक संगको कारोबार :**

१) **संगठित संस्थाबाट कुनै संस्थापक ⁄ संचालकले प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा कुनै वस्तु वा सुविधा (आर्थिक वा गैरआर्थिक) प्राप्त गरेका वा प्राप्त गर्ने भएमा त्यस्तो वस्तु वा सुविधाको प्रकृति र मूल्य र त्यस्तो सुविधा दिए बापत संगठित संस्थाले कुनै सम्पत्ति, सेवा प्राप्त गरेको वा गर्ने भएमा तत्सम्बन्धी विवरण :** सो नभएको ।

२) **बुंदा (क) मा उल्लेखित बस्तु वा सुविधाको मूल्य निर्धारण गर्न अपनाइएको तरिका :** आवश्यक नभएको ।

६. **सीमित दायित्व सम्बन्धी विवरण :**

यस कम्पनी प्रचलित कम्पनी कानून अन्तर्गत स्थापित तथा सञ्चालित पब्लिक लिमिटेड कम्पनी हो । यसमा शेयरधनीहरुको दायित्व सीमित छ । यस कम्पनीको शेयरधनीको दायित्व निजले खरिद गरेको वा खरिद गर्न कबोल गरेको शेयरको अधिकतम रकमसम्म मात्र सीमित रहनेछ ।

७. **संगठित संस्थाको कर्मचारी सम्बन्धी जानकारी :**

**क संगठित संस्थाको उच्च ब्यवस्थापकीय तहका अधिकृत कर्मचारीहरु सम्बन्धी विवरण :**

१) **संगठित संस्थाको उच्च ब्यबस्थापकीय तहका कर्मचारीको नाम, योग्यता, नियुक्ति भएको मिति, पहिले काम गरेको अनुभव तथा संगठित संस्थाको शेयर लिएको भए शेयर संख्या सम्बन्धी विवरण । साथै त्यस्तो कर्मचारीहरु अन्य कुनै सूचिकृत संगठित संस्थाको आधारभूत शेयरधनी भए वा अन्य कुनै संगठित संस्थामा लगानी गरेको भए उक्त संगठित संस्थाको नाम र लगानी गरेको रकम खुलाउनु पर्ने ।**

| सि.नं. | कर्मचारीको नाम | योग्यता | नियुक्ति मिति | अनुभव | लगानी गरेको शेयर |
|---|---|---|---|---|---|
| १. | गुरुप्रसाद न्यौपाने | एम.ए. | २०७०/११/११ | अरुण भ्याली हाईड्रोपावर कम्पनीको संस्थापक, नेपाल राष्ट्र बैंक तथा मा ३० बर्षको तथा हाईड्रोपावर क्षेत्रमा १८ वर्षको अनुभव । | ४,९१,६०० |
| २. | कुवेरमणि नेपाल | एम.एस.सी. | २०७०/११/११ | रिडीखोला हाइड्रोपावरको सञ्चालक, जलविद्युत आयोजनाहरुको निर्माण तथा व्यवस्थापन कार्यमा १६ वर्षको अनुभव । | १,९०,५५० |
| ३. | आलोक के.सी. | एम.वि.एस | २०७०/११/११ | लेखा तथा वित्तसम्बन्धी कार्यमा २० बर्ष भन्दा बढिको अनुभव । | ० |
| ४. | लिलामणि पाठक | वि.ई. सिभिल | २०७०/०३/१६ | सिभिल कन्स्ट्रक्सन सम्बन्धी काममा ६ बर्षको अनुभव । | १,००० |
| ५. | साईका भण्डारी | एम.वि.ए. | २०६९/११/०१ | अफिस म्यानेजमेन्ट सम्बन्धी काममा ५ बर्षको अनुभव । | २,००० |

*नोट : यस संस्थाका व्यवस्थापकीय तहका कर्मचारीहरुमध्ये श्री गुरुप्रसाद न्यौपाने, श्री कुवेरमणि नेपाल तथाश्री आलोक के.सी. आयोजनाको प्रमुख लगानीकर्ता श्री रिडी हाइड्रोपावर डेभलपमेण्ट कम्पनी लिमिटेडको तर्फबाट इवाखोला जलविद्युत आयोजनाको निर्माण सम्पन्न कार्यावधि ( २०७५ साल जेष्ठ मसान्त) तथा सञ्चालक समितिले पछिल्लो निर्णय नगरेसम्मका लागि रैराङ हाइड्रोपावर डेभलपमेण्ट कम्पनीबाटै सेवा सुविधा लिने गरी काजमा प्रतिस्थापन गरिएको ।*

२) **विवरणपत्र बोर्डमा प्रस्तुत गर्नु भन्दा १ बर्ष अगाडिको अवधिमा नियम अनुसार अवकाश प्राप्त भएको अवस्था बाहेक संगठित संस्थाको उच्च ब्यबस्थापकीय तहमा रहेका कुनै कर्मचारी परिवर्तन भएमा सो सम्बन्धी विवरण उल्लेख गर्नु पर्ने** :नभएको ।

३) **कर्मचारी संख्या : स्थायी, अस्थायी, करार, ज्यालादारी र अन्य ।**

| स्थायी | अस्थायी | करार | ज्यालादारी | अन्य | कुल कर्मचारी संख्या |
|---|---|---|---|---|---|
| ९ | ४२ | २२ | ८० | ५ | १५८ जना |

१) भावी दिनमा आवश्यक भएमा अन्य कर्मचारीहरु थप नियुक्ति गरिनेछ ।

**ख) सञ्चालक एवं उच्च ब्यबस्थापकीय तहका अधिकृतलाई दिएको भत्ता तथा पारिश्रमिक सम्बन्धी विवरण :**

१) **संचालक समितिको अध्यक्ष लगायत अन्य सदस्यहरुलाई प्रदान गरिने वा गरिएको बैठक भत्ताको दर तथा निजहरुलाई प्रदान गरिने वा गरिएको दैनिक तथा भ्रमण भत्ता र अन्य सुविधा :**

(क) संचालक समितिको बैठकमा उपस्थित भए बापत अध्यक्षले पाउने प्रति बैठक भत्ता रु. ६,५००/- र अन्य संचालकले पाउने प्रति बैठक भत्ता रु. ६,०००/- हुनेछ ।

(ख) कम्पनीको कामको सिलसिलामा संचालकलाई प्रदान गरिने दैनिक तथा भ्रमण भत्ता देहाय बमोजिम हुनेछ :

स्वदेशमा दैनिक भत्ता : नभएको ।
भारतमा दैनिक भत्ता : नभएको ।
भारत वाहेकका अन्य विदेशी मुलुकमा दैनिक भत्ता : नभएको ।
यातायात तथा होटल खर्च विल वमोजिम छ ।

(ग) परियोजना निर्देशकको मासिक पारिश्रमिक एवं भत्ता तथा सुविधा रु. २,३३,७०५/-

उपरोक्त बैठक भत्ता बाहेक पत्र-पत्रिका तथा यातायात खर्च वापत अध्यक्षलाईमासिक रु. २०,०००/-(कर सहीत) तथा सञ्चालकहरुलाई मासिक रु. १५,०००/- (कर सहित) भुक्तानी गर्ने व्यबस्था भएको ।

२) **संगठित संस्थाको उच्च ब्यबस्थापकिय तहका तीन जना अधिकृतहरुको नाम, पद र एक आर्थिक बर्षको अवधि भित्र उनीहरुलाई पारिश्रमिकको रुपमा भुक्तान गरिएको रकम :**

| सि. | कर्मचारीको नाम | पद | एक आर्थिक बर्षको अवधि भित्र पारिश्रमिकको | अवधि |
|---|---|---|---|---|

| नं. | | | रुपमा भुक्तान गरिएको रकम | |
|---|---|---|---|---|
| १. | गुरुप्रसाद न्यौपाने | कार्यकारी सञ्चालक/प्रबन्ध संचालक | ७,७६,६२५ | आ.ब.०७३/०७४ |
| २. | कुवेरमणि नेपाल | प्रोजेक्ट डाइरेक्टर | २८,०४,४६० | आ.ब.०७३/०७४ |
| ३. | आलोक के.सी. | वित्त प्रमुख | १२,५९,७४५ | आ.ब.०७३/०७४ |
| ४. | लिलामणि पाठक | प्रोजेक्ट ईन्जिनियर | ८,०२,४८२ | आ.ब.०७३/०७४ |

३) **कुनै अधिकृत वा सञ्चालकलाई भविष्यको लागि कुनै रकम प्रदान गरिने गरी करार गरिएको भए सो सम्बन्धी विवरण :** हालसम्म त्यस्तो कुनै करार गरिएको छैन ।

**८.अन्तर्निहित जोखीम तथा सो मा व्यवस्थापनको धारणा र विश्लेषण :**

संगठित संस्थाले बहन गरेको वा गर्ने जोखीम स्पष्ट रुपमा उल्लेख गर्नु पर्ने । यस सन्दर्भमा जोखीमहरुलाई संगठित संस्थाको आन्तरिक वा व्यवसाय/परियोजनासँग प्रत्यक्ष अथवा संगठित संस्थाको नियन्त्रण भन्दा बाहिरको भनी बर्गिकरण गरी प्रमुख रुपमा देहायको जोखीमको विश्लेषण गर्नु पर्ने ।

**क) वित्तीय साधनको अभावबाट हुने जोखीम :**

जलबिद्युत आयोजनाको निर्माण कार्य सत् प्रतिशत पूरा नभएसम्म आयोजनावाट बिद्युत उत्पादन गर्न सकिन्न । यसका लागि प्रक्षेपित लगानीका व्यवस्थापन महत्वपूर्ण हुन्छ । यो प्रतिवेदन तयार पार्दासम्म आयोजनाको वित्तिय व्यवस्थापन प्रक्षेपित अनुसार नै चलिरहेको छ । निर्माण सम्पन्नको अवस्थामा कथंम कदाचित काबू बाहिरको अवस्था सृजना भएमा प्रक्षेपित वित्तिय श्रोत अपुग हुनसक्ने छ । यस्तो अवस्था सृजना भएमा आफ्ना सहवित्तियकरण गर्ने बैंक तथा सहायक कम्पनीहरुवाट छोटो समयको लागि ऋण व्यवस्थापन गरी वित्तिय साधनको व्यवस्था गरि वित्तिय जोखिम कम गरी आयोजनाको निर्माण कार्य सम्पन्न गरिनेछ ।

**ख) कच्चा पदार्थको अभावबाट हुने जोखीम :** जलश्रोतको मुहानमा वातावरणको कारण अप्रत्याशित रुपमा परिवर्तन भई पानीको श्रोत घट्न गएमा उत्पादन क्षमता घट्न सक्ने जोखिम रहेको ।

**ग) उत्पादन तथा सेवाको बजार स्थिति र यसमा आउने परिवर्तनबाट हुने जोखीम** :हालको अवस्थामा विद्युतको बजारको जोखिम नरहेको ।

**घ) आयोजना सम्पन्न हुन ढिलाई हुने सम्भावना र त्यसबाट हुने मूल्य अभिबृद्धि (Cost Overrun) को जोखीम** :आयोजनावाट उत्पादन हुने बिद्युत राष्ट्रिय ग्रीड (कावेली कोरिडोर) मा जडानको लागि प्रस्ताव गरिएको छ । उपरोक्त ग्रीडको निर्माण सम्पन्न मिति २०७५ साल वैशाख १० गते रहेको छ । कथं कदाचित उक्त मितिमा प्रसारण लाईन निर्माण नभएमा आयोजनावाट उत्पादन हुने बिद्युत खेर जाने अवस्था हुनेछ, जसको कारण आयोजनाको लागतमा बृद्धि हुनेछ । ने.वि.प्रा. को कारणले विद्युत नलिएको अवस्थामा कम्पनीलाई क्षतिपूर्ति तिर्नुपर्ने बिद्युत खरीद/बिक्रीको प्रावधान रहेको छ ।

**ङ) विदेशी विनिमयको जोखिम** : विदेशी मुद्रामा खरिद गर्नुपर्ने सम्पूर्ण प्लाण्ट तथा मेशिनरी खरिद भई आयात भैसकेकोले विदेशी विनिमयको जोखिम अब नरहेको ।

**च) कानूनी प्रकृयाहरु तथा ईजाजत प्राप्त गर्नु पर्ने सो बाट पर्न सक्ने अवरोधहरु** : अनुमति वा इजाजत पत्र प्राप्त भइसकेकोले आयोजना निर्माण कार्यमा ढिलाई हुन सक्ने जोखिम नरहेको ।

**छ) क्षेत्रीयकरण र विश्वब्यापीकरण(Globalization)का कारणबाट उत्पन्न हुन सक्ने जोखीम** : अन्तर्राष्ट्रिय बजारमा हुने आर्थिक मन्दीबाट शेयर बजारमा असर परेमा शेयर मूल्यमा असर पर्न सक्ने जोखिम रहेको ।

**ज) सरकारी नीति तथा नियमहरुमा हुने परिवर्तन तथा विश्वब्यापी रुपमा हुने नीतिगत परिवर्तनबाट हुने जोखीम :**

– नेपाल सरकारको जलविद्युत सम्बन्धी आर्थिक तथा वित्तीय नीति नियममा हुने परिवर्तनबाट श्रृजना हुनसक्ने जोखिमहरु ।

**झ) संचालन इतिहासको अभाव** :विक्रम् सम्वत् २०५९।१।२६ साल देखि कम्पनीले आफ्नो कारोवार संचालन गरेको र व्यवस्थापनले ५०० किलोवाट क्षमताको रैराङखोला आयोजना तथा २४०० किलोवाटको रिडीखोला आयोजना पनि निर्माण गरी सञ्चालन गरीरहेको अनुभव भएकोले आयोजना निर्माण तथा संचालन इतिहास अभाव नरहेको ।

**ञ) प्रविधिको परिवर्तनबाट हुने सक्ने जोखीम** :जलविद्युत आयोजना निर्माणको लागी आवश्यक टर्वाइन, पेनस्टक, जेनेरेटर लगायतका विभिन्न उपकरणमा आउने परिवर्तन तथा नयाँ प्रविधिबाट विद्युत उपकरणहरु फेजआउट भएमा ।

**ट) अन्य :**

- दैवी प्रकोप तथा काबु बाहिरको परिस्थीति उत्पन्न भै आयोजनामा कुनै प्राकृतिक क्षति भएमा आयोजनाको लागत बढ्न सक्ने जोखिम रहेको ।
- देशको राजनैतिक अस्थिरताबाट आउन सक्ने जोखिमहरु ।
- पूंजी बजारको अवस्थामा आउने उतार चढावबाट पर्न सक्ने जोखिमहरु ।

**ठ) सम्भावित आर्थिक जोखिमहरुलाई न्यूनीकरण गर्न व्यवस्थापनले निम्न उपायहरु अवलम्वन गर्दै जानेछ ।**

नेपालमा ऊर्जा शक्तिको माग धेरै र आपूर्ति न्यून रहेको छ । उर्जा बिभिन्न श्रोतबाट प्राप्त गर्न सकिन्छ । जस्तै : सौर्य शक्ति, डिजेल, कोइला, जलश्रोत, इत्यादी । नेपाल जलश्रोतको धनी देश भएको र अन्य विद्युत उर्जाको स्रोतहरु भन्दा पानीबाट उत्पादन हुने विद्युतलाई भरपर्दो मानिन्छ । उर्जाका लागि जलविद्युतको आवश्यकता र महत्व कहिल्यै कम नहुने, जलविद्युत आयोजनाको लगानीमा अन्य स्रोत भन्दा न्यून जोखिम रहको र यस प्रकारको आयोजनाले वातावरणमा पनि न्यून प्रभाव पर्ने व्यबस्थापनको धारणा रहेको छ । त्यसकारण उर्जाका अन्य श्रोतहरु भन्दा पानीबाट भरपर्दो विद्युत उत्पादन गर्न सकिने र यसको लागत पनि अन्य उर्जाका स्रोतहरु भन्दा तुलनात्मक रुपमा कम रहने हुँदा जलविद्युत आयोजनाहरुमा जोखीम कम रहेको धारणा व्यबस्थापनको रहेको छ । साथै, उपरोक्त सम्भावित जोखिमहरुलाई न्यूनीकरण गर्न उपकरणहरुको ह्रास खर्चको व्यबस्था; आयोजनाका संरचना, मेसिन, औजार तथा उपकरणहरुको जोखिमलाई न्यूनीकरण गर्न बीमाको व्यवस्थातथा दैवी प्रकोपवाट हुन सक्ने संभावित जोखिमका कारण उत्पादन हुन नसकेको विद्युतको पनि विमा हुने कम्पनी व्यवस्थापनको धारणा रहेको छ ।

**ड) धितोपत्र मूल्य परिवर्तन सम्बन्धी जोखिम :**

रु. १००/–प्रति शेयरका दरले निष्काशन गरिएको शेयर मूल्यले सूचीकरण पश्चात् नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा हुने कारोवार मूल्य नजनाउने भएकोले शेयर मूल्यमा हुन सक्ने परिवर्तनको जोखिम रहेको छ ।

**ढ)** परियोजना निर्माणाधीन अवस्थामा रहेकोले सिभिल तथा मेटल कार्य तर्फ Contractors All Risk (CAR) Policy अन्तर्गत बीमा गरिएको तथा मेशिनतर्फ Transit Insurance र Erection All Risk (EAR) को व्यवस्था गरिएको छ ।

**९ वित्तीय विवरणः**

**(क) वित्तीय विवरण र तत्सम्बन्धमा व्यवस्थापनको धारणा र विश्लेषणः**

१) **संगठित संस्थाको लेखापरीक्षण भएको पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण गरिएको वित्तीय विवरण** :यस कम्पनीको आ.ब.२०७३/०७४ को लेखापरीक्षण भएको वासलात, नाफा–नोक्सान हिसाब तथा नाफा–नोक्सान बाँडफाँड हिसाब खाताको यथार्थ रूपरेखा यस प्रकार छ :

**२०७४ आषाढ मसान्तको वासलात**

| सम्पत्ति तथा जायजेथा | आ.व.२०७३/०७४(रु.हजारमा) |
|---|---|
| सम्पत्ति | |
| दीर्घकालिन सम्पत्ति | |
| सम्पत्ति, प्लाण्ट तथा मेशिनरी | ७,७५,६९० |
| न्युन : संचित ह्रास | |
| कुल सम्पत्ति, प्लाण्ट तथा मेशिनरी | ७,७५,६९० |
| लगानी | ७,००० |
| जम्मा दीर्घकालिन सम्पत्ति | ७,८२,६९० |
| चालु सम्पत्ति | |
| नगद तथा बैंक मौज्दात | ३,४०५ |
| पेश्की, धरौटी तथा प्राप्त हुन बाँकी | २,२४,०९७ |
| विविध सम्पत्ती | |
| जम्मा चालु सम्पत्ति | २,२७,५०३ |
| **जम्मा सम्पत्ति** | **१०,१०,१९३** |
| पूँजी तथा दायित्व | |
| पूँजी | |
| शेयर पूँजी | ४,२०,००० |
| शेयर वापत अग्रीम भुक्तानी | ० |
| संचित जगेडा तथा कोष/(घाटा) | (१०,७४०) |
| जम्मा पूँजी | ४,०९,२५९ |
| दीर्घकालीन ऋण | ५,५३,०१८ |
| सुरक्षित आवधिक कर्जा | ० |
| जम्मा दिर्घकालिन ऋण | ५,५३,०१८ |
| चालु दायित्व तथा व्यवस्था | |
| छोटो अवधि सापटी | ० |

| | |
|---|---|
| व्यवसायिक तथा अन्य दायित्व | ४७,९१५ |
| अग्रिम करकट्टि दायित्व | ० |
| जम्मा चालु दायित्व तथा व्यवस्था | ४७,९१५ |
| **जम्मा पूँजी तथा दायित्व** | **१०,१०,१९३** |

**नाफा- नोक्सान हिसाब (श्रावण १, २०७३ देखि आषाढ ३१, २०७४)**

| **विवरण** | आ.व.२०७३/०७४(रु.हजारमा) |
|---|---|
| बिद्युत बिक्री आम्दानी | ३,९११ |
| जोड : अन्य आम्दानी | ६६८ |
| जम्मा | ४,५८० |
| न्यून: | |
| परियोजना संचालन खर्च | १,५२५ |
| प्रशासनिक खर्च | १०२ |
| सचांलन नाफा | २,९५२ |
| गैर सचांलन खर्चहरु | |
| आर्थिक खर्च | १,९२२ |
| ह्रास खर्च | ६७४ |
| कर अघिको नाफा/(नोक्सानी) | ३५४ |
| चालु आयकर | ० |
| डेफर्ड आयकर | ० |
| खुद नाफा/(नोक्सानी) | **३५४** |

२) **सञ्चालन अवधि तीन वर्ष व्यतीत भैसकेको अवस्थामा विगत तीन वर्षको र तीन वर्ष व्यतीत भैनसकेको अवस्थामा संचालन अवधिभरको लेखापरीक्षण भएको वित्तीय विवरण :**

**वासलात**

| **सम्पत्ति तथा जायजेथा** | **आ.ब.०७१/०७२** | **आ.ब.०७२/०७३** | **आ.ब.०७३/०७४** |
|---|---|---|---|
| सम्पत्ति | | | |
| दीर्घकालिन सम्पत्ति | | | |
| सम्पत्ति, प्लाण्ट तथा मेसिनरी | १,४०,५५४ | १,८०,७६८ | ७,७५,६९० |
| न्युन: संचित ह्रास | | | |
| कुल सम्पत्ति, प्लाण्ट तथा मेसिनरी | १,४०,५५४ | १,८०,७६८ | ७,७५,६९० |
| लगानी | ० | ७,००० | ७,००० |
| जम्मा दीर्घकालिन सम्पत्ति | १,४०,५५४ | १,८७,७६८ | ७,८२,६९० |
| चालु सम्पत्ति | | | |
| नगद तथा बैंक मौज्दात | ४,६०२ | २,८६३ | ३,४०५ |
| पेश्की, धरौटी तथा प्राप्त हुन बाँकी | १३,९७१ | १,३३,५१९ | २,२४,०९७ |
| विविध सम्पती | | | |
| जम्मा चालु सम्पत्ति | १८,५७४ | १,३६,३८३ | २,२७,५०३ |
| जम्मा सम्पत्ति | **१,५९,१२८** | **३,२४,१५१** | **१०,१०,१९३** |
| **पूँजी तथा दायित्व** | | | |
| पूँजी | | | |
| शेयर पूँजी | ३,१५०० | ३१,५०० | ४,२०,००० |
| शेयर वापत अग्रीम भुक्तानी | ८८,३५३ | १,३९,३३८ | ० |
| संचित जगेडा तथा कोष/(घाटा) | (११,१६९) | (११,०९४) | (१०,७४०) |
| जम्मा पूँजी | १,०८,६८८ | १,५९,७४३ | ४,०९,२५९ |
| दीर्घकालिन ऋण | | | |
| सुरक्षित आवधिक कर्जा | २३,४९२ | १,१३,६४७ | ५,५३,०१८ |

| | | | |
|---|---|---|---|
| जम्मा दिर्घकालिन ऋण | २३,४९२ | १,१३,३४७ | ५,५३,०१८ |
| चालु दायित्व तथा व्यवस्था | २६,९४८ | ५१,०६१ | ४७,९१५ |
| जम्मा चालु दायित्व तथा व्यवस्था | ५०,४३९ | १,६४,४०८ | ४७,९१५ |
| **जम्मा पूँजी तथा दायित्व** | **१,५९,१२८** | **३,२४,१५१** | **१०,१०,१९३** |

**नाफा नोक्सान हिसाब:**

| विवरण | वास्तविक (रु.हजारमा) | | |
|---|---|---|---|
| | आ.ब.०७१/०७२ | आ.ब.०७२/०७३ | आ.ब.०७३/०७४ |
| बिद्युत बिक्री आम्दानी | ६,८७२ | ४,९५५ | ३,९११ |
| न्यून: रोयल्टी खर्च | ० | ० | ० |
| न्यून: परियोजना खर्च | | | |
| खुद नाफा | ६,८७२ | ४,९५५ | ३,९११ |
| जोड: अन्य आम्दानी | ६८२ | २३८ | ६६८ |
| न्यून: | | | |
| जम्मा आम्दानी | ७,५५५ | ५,३८६ | ४,५८० |
| संचालन खर्चहरु | | | |
| प्रशासनिक खर्च | ७५० | २३८ | १०२ |
| संचालन खर्च | २,३९१ | १,६२७ | १,५२५ |
| संचालन नाफा | ४,४१३ | ३,५२० | २,९५२ |
| **गैर सचांलन खर्चहरु** | | | |
| **आर्थिक खर्च** | २,५८७ | २,१४६ | १,९२२ |
| **ह्रास खर्च** | १,३४४ | १,२९९ | ६७४ |
| **कर अघिको नाफा/(नोक्सानी)** | ४८१ | ७४ | ३५४ |
| **चालु आयकर** | ० | ० | ० |
| **डेफर्ड आयकर** | ० | ० | ० |
| **खुद नाफा/(नोक्सानी)** | **४८१** | **७४** | **३५४** |

३) **आर्थिक बर्ष समाप्त भएको ६ महिना पश्चात विवरणपत्र स्वीकृतीको लागी पेश गरेमा उक्त अन्तरिम अवधिको लागि लेखापरिक्षकबाट प्रमाणित गरेको अपरिष्कृत वित्तिय विवरण** :चालु आ.व.को पछिल्लो त्रैमासको लेखापरीक्षकबाट प्रमाणित गरेको अपरिष्कृत वित्तीय विवरण देहाय बमोजिम रहेको छ।

**२०७४ पौष मसान्तको अपिरिकृष्त वासलात**

| सम्पत्ति तथा जायजेथा | आ.व.२०७४/०७५ ( रु.हजारमा) |
|---|---|
| सम्पत्ति | |
| दीर्घकालिन सम्पत्ति | |
| सम्पत्ति, प्लाण्ट तथा मेशिनरी | ९,५५,३२५ |
| न्युन : संचित ह्रास | |
| कुल सम्पत्ति, प्लाण्ट तथा मेशिनरी | ९,५५,३२५ |
| लगानी | ७,००० |
| जम्मा दीर्घकालिन सम्पत्ति | ९,६२,३२५ |
| | |
| चालु सम्पत्ति | |
| नगद तथा बैंक मौज्दात | ६५१ |
| पेश्की, धरौटी तथा प्राप्त हुन बाँकी | ४,३२,६२२ |
| विविध सम्पत्ती | |
| जम्मा चालु सम्पत्ति | ४,३३,२७४ |
| **जम्मा सम्पत्ति** | **१३,९५,५९९** |

| पूँजी तथा दायित्व | |
|---|---|
| पूँजी | |
| शेयर पूँजी | ४,७६,००० |
| शेयर वापत अग्रीम भुक्तानी | ० |
| संचित जगेडा तथा कोष/(घाटा) | (७,४९८) |
| जम्मा पूँजी | ४,६८,५०१ |
| दीर्घकालीन ऋण | ८,८७,०८२ |
| सुरक्षित आवधिक कर्जा | ० |
| जम्मा दिर्घकालिन ऋण | ८,८७,०८२ |
| चालु दायित्व तथा व्यवस्था | |
| छोटो अवधि सापटी | ७,१२६ |
| व्यवसायिक तथा अन्य दायित्व | ३२,८८८ |
| अग्रिम करकट्टि दायित्व | ० |
| जम्मा चालु दायित्व तथा व्यवस्था | ४०,०१५ |
| **जम्मा पूँजी तथा दायित्व** | **१३,९५,५९९** |

**नाफा– नोक्सान हिसाब २०७४ पौष मसान्तको अपिरिकृष्त नाफा/नोक्सान हिसाब**

| **विवरण** | आ.व.२०७४/०७५(रु.हजारमा) |
|---|---|
| विद्युत बिक्री आम्दानी | २,८५१ |
| जोड : अन्य आम्दानी | २,६०४ |
| जम्मा | ५,४५६ |
| न्यून: | |
| परियोजना संचालन खर्च | १,४२४ |
| प्रशासनिक खर्च | ० |
| संचालन नाफा | ४,०३१ |
| गैर सचांलन खर्चहरु | |
| आर्थिक खर्च | ४८६ |
| ह्रास खर्च | ३०३ |
| कर अघिको नाफा/(नोक्सानी) | ३,२४१ |
| चालु आयकर | ० |
| डेफर्ड आयकर | ० |
| खुद नाफा/(नोक्सानी) | **३,२४१** |

४) **आम्दानी र खर्च हिसावको कुनै शीर्षकमा ठुलो मात्रामा परिवर्तन भएमा त्यसको विश्लेषणात्मक कारण :** सो नभएको ।

५) **पछिल्लो वित्तीय विवरणको लेखापरीक्षण भए पश्चात संगठित संस्थाको कारोबार, नाफा नोक्सान, सम्पत्तिको मुल्य वा आगामी १२ महिनाको दायित्व भुक्तानीमा असर पर्ने गरी कुनै अवस्था सिर्जना भएको छ/छैन सो सम्बन्धमा संचालकहरुको धारणा :** सो नभएको ।

६) **आर्थिक वर्ष समाप्त भएपछि विवरणपत्र पेश गरेमा, आर्थिक वर्ष समाप्त भएको मितिबाट पेश भएको मितिसम्ममा वासलातको मिति पछिको घटनाको वारेमा छुट्टै जानकारी विवरणपत्रमा समावेश गर्नुपर्ने :** सो नभएको ।

७) **विगत ५ वर्षमा सम्पत्तिको पुनर्मूल्यांकन गरिएको छ/छैन, यदि गरिएको भए** (अ) **सम्पत्तिको विवरण** (आ) **सम्पत्तिको पुनर्मूल्यांकन अघि र पछिको कितावी मूल्य** (ई) **पुनर्मूल्यांकनको औचित्य :** सो नभएको ।

८) **आगामी तीन वर्षको प्रक्षेपित वासलात, नाफा नोक्सान हिसाबका साथै त्यसका गणनाको आधारहरु :**कम्पनीको आगामी ३ आर्थिक वर्षको लागि प्रक्षेपित वित्तीय स्थिति देहाय बमोजिम रहेको छ :

**वासलात**

| विवरण | प्रक्षेपित (रु.हजारमा) | | |
|---|---|---|---|
| | आ.ब.०७४/०७५ | आ.ब.०७५/०७६ | आ.ब.०७६/०७७ |
| पूँजी | | | |

| | | | |
|---|---|---|---|
| शेयर पूँजी | ५,६०,००० | ५,६०,००० | ५,६०,००० |
| दिर्घकालिन कृण | १०,५४,७४२ | ९,९९,४५७ | ९,३८,८४१ |
| संचिति | ६,५०० | १,२८,७५० | २,६०,६२३ |
| **जम्मा पूँजी** | **१६,२१,२४१** | **१६,८८,२०७** | **१७,५९,४६४** |
| सम्पती | | | |
| सम्पत्ति (प्लाण्ट तथा मेसिनरी) | १६,८४,२६४ | १६,६८,०२२ | १६,५१,८२८ |
| लगानी | ७,००० | ७,००० | ७,००० |
| चालु सम्पत्ति, ऋण तथा पेश्की | | | |
| ऋण तथा पेश्की | ८०,७९६ | २,१६,५१२ | ३,५१,२९० |
| नगद तथा बैंक मौज्दात | ६,२६१ | ३०,५९९ | ३२,५४२ |
| | **८७,०५७** | **२,४७,१११** | **३,८३,८३२** |
| अन्य दायित्व | १,०५,८३० | १,४८,०३९ | १,४०,६३७ |
| चालु दायित्व | ५१,२५० | ८५,८८७ | १,४२,५६० |
| **खुद चालु सम्पती** | **(६३,०२३)** | **२०,१८५** | **१,०७,६३६** |
| **जम्मा सम्पती** | **१६,२१,२४१** | **१६,८८,२०७** | **१७,५९,४६४** |

**नाफा नोक्सान हिसाब**

| विवरण | प्रक्षेपित (रु.हजारमा) | | |
|---|---|---|---|
| | आ.ब.०७४/०७५ | आ.ब.०७५/०७६ | आ.ब.०७६/०७७ |
| कुल आम्दानी: | | | |
| बिद्युत बिक्री आम्दानी (रैराङ खोला) | ४,१०८ | ४,३१३ | ४,५२९ |
| बिद्युत बिक्री आम्दानी (इवा खोला) | ३४,६८१ | ३,१५,००० | ३,३०,७५० |
| न्यून: | | | |
| रोयल्टी खर्च (जडित क्षमता) | ९९० | ९९० | ९९० |
| रोयल्टी खर्च (बिद्युत उत्पादन) | ६९४ | ६,३०० | ६,६१५ |
| **खुद नाफा** | | | |
| जोड: | | | |
| अन्य आम्दानी | ५०० | ६५० | ५०० |
| लगानी आम्दानी | ३५० | ७०० | ७०० |
| संचालन खर्च: | | | |
| परियोजना खर्च | ४,६५५ | १२,१०३ | १२,४६६ |
| व्यवस्थापन खर्च | १२,६५१ | ३६,५६७ | ४२,५०७ |
| **संचालन नाफा** | **२०,६४९** | **२,६४,७०३** | **२,७३,९००** |
| गैर सचांलन खर्च: | | | |
| आर्थिक खर्च | १,८०० | १,२३,७१५ | १,२३,१४२ |
| ह्रास खर्च | ३०३ | १६,२४२ | १६,१९३ |
| कर र बोनस अघिको नाफा/(नोक्सानी) | १८,५४६ | १,२४,७४६ | १,३४,५६४ |
| न्यून: | | | |
| कर्मचारी बोनसको व्यवस्था | १,३०६ | २,४९५ | २,६९१ |
| **कर अघिको नाफा/(नोक्सानी)** | **१७,२४०** | **१,२२,२५१** | **१,३१,८७३** |
| चालु आयकर | ० | ० | ० |
| डेफर्ड आयकर | ० | ० | ० |
| खुद नाफा/(नोक्सानी) | १७,२४० | १२,२५१ | १,३१,८७३ |
| अघिल्लो बर्षसम्मको नाफा/(नोक्सानी) | (१०,७४०) | ६,५०० | १,२८,७५० |
| **बाँडफाँडका लागि उपलब्ध नाफा** | **६,५००** | **१,२८,७५०** | **२,६०,६२३** |
| प्रति शेयर आम्दानी | ३.०८ | २१.८३ | २३.५५ |

| | | | |
|---|---|---|---|
| प्रति शेयर नेटवर्थ | १०१.१६ | १२२.९९ | १४६.५४ |

**वित्तीय प्रक्षेपणका बृद्धिदर :**

| विवरण | आ.ब.०७४/०७५ | आ.ब.०७५/०७६ | आ.ब.०७६/०७७ |
|---|---|---|---|
| कुल आयमा औषत वृद्धिदर | ८९१.५५% | ७२३.२२% | ५.००% |
| कुल खर्चमा औषत वृद्धिदर (ब्याज/ह्रास बाहेक) | ९६२.८९% | १८१.२३% | १२.९५% |
| संचालन खर्च तथा कुल आम्दानी अनुपात | ४४२.३९% | १२५.४८% | १७.२२% |
| खुद मुनाफामा औषत वृद्धिदर | ४७६२.५५% | ६०९.११% | ७.८७% |
| आयकर व्यवस्था (प्रतिशतमा) | ०.००% | ०.००% | ०.००% |
| प्रति शेयर आम्दानी (रु.) | ३.०८% | २१.८३% | २३.५५% |
| अन्य संचालन खर्चका वृद्धिदर (ब्याज/ह्रस) | -१९.०४% | ६५५५.१२% | -०.४४% |
| Return on Equity | ३.०८% | २१.८३% | २३.५५% |
| Return on Assests | १.०६% | ७.२४% | ७.५०% |

**वित्तीय प्रक्षेपणका आधार तथा तरिकाहरु :**

१) बिद्युत बिक्रीबाट प्राप्त आय गणना गर्दा विद्युत केन्द्रबाट विद्युत खरिद विक्री सम्झौताको निर्धारित विद्युत शक्ति (deemed energy) उत्पादन गर्न शतप्रतिशत क्षमतामा चल्ने आधार लिई गरिएको छ ।
२) विद्युतको ब्यापारीक उत्पादन २०७५/२/३१ गते देखि भएकोले सो लाई आधार मानी बित्तिय प्रक्षेपण गरिएको छ ।
३) विद्युत विक्री दर आ.ब. २०७६/०७७ सम्मको लागि यथावत राखिएको छ ।
४) प्रक्षेपित गरिएको आ.व. मा नेपाल सरकारलाई तिरिने रोयल्टी खर्च २% गणना गरिएको छ ।
५) रोयल्टी खर्च बाहेक अन्य संचालन खर्च वार्षिक ३% देखि ५%ले बृद्धि गरिएको छ ।
६) बोनस, अपलेखन खर्च तथा रोयल्टी बाहेक कार्यालय संचालन खर्च वार्षिक ५%ले बृद्धि गरिएको छ ।
७) कम्पनीले आगामी ५ वर्षसम्मको लागि थप कर्जा नलिने योजना रहेको छ ।
८) अपलेखन गर्न बाँकी पूर्व संचालन खर्च ५ वर्षमा कट्टा गरिने योजना रहेको छ ।

**(ख) वित्तीय अनुपात सम्बन्धी विवरण :**

१) **सञ्चालन अवधि तीन बर्ष ब्यतीत भैसकेको अवस्थामा विगत तीन बर्षको र तीन बर्ष ब्यतीत भैनसकेको अवस्थामा सञ्चालन अवधिको तथा आगामी तीन बर्षको प्रक्षेपित प्रति शेयर आम्दानी (EPS) तथा प्रति शेयर नेटवर्थ :**
कम्पनीको नेटवर्थ तथा प्रति शेयर आम्दानीमा भएको वास्तविक तथा प्रक्षेपित औसत प्रतिफल देहाय बमोजिम रहेकोछ :

| **विवरण** | **वास्तविक** | | | **प्रक्षेपित** | | |
|---|---|---|---|---|---|---|
| | **आ.ब. ०७१/०७२** | **आ.ब. ०७२/०७३** | **आ.ब. ०७३/०७४** | **आ.ब. ०७४/०७५** | **आ.ब. ०७५/०७६** | **आ.ब. ०७६/०७७** |
| प्रति शेयर नेटवर्थ (रु.) | ६४.५४ | ६४.७८ | ९७.४४ | १०१.१६ | १२२.९९ | १४६.५४ |
| प्रति शेयर आम्दानी (रु.) | १.५३ | ०.२४ | ०.०८ | ३.०८ | २१.८३ | २३.५५ |

२) **विगत ३ बर्षको नेटवर्थमा भएको औसत प्रतिफल :**

| **विवरण** | **वास्तविक (रु. हजारमा)** | | | **प्रक्षेपित (रु. हजारमा)** | | |
|---|---|---|---|---|---|---|
| | **आ.ब. ०७१/०७२** | **आ.ब. ०७२/०७३** | **आ.ब. ०७३/०७४** | **आ.ब. ०७४/०७५** | **आ.ब. ०७५/०७६** | **आ.ब. ०७६/०७७** |
| चुक्ता पुंजी | ३१,५०० | ३१,५०० | ४,२०,००० | ५,६०,००० | ५,६०,००० | ५६०००० |
| जगेडा तथा कोषहरु | (११,१६९) | (११,०९५) | (१०,७४०) | ६,५०० | १,२८,७५० | २६०६२३ |
| **कुल** | २०,३३१ | २०,४०५ | ४,०९,२६० | ५,६६,५०० | ६,८८,७५० | ८२०६२३ |
| घटाउने :अपलेखन गर्न बाँकी खर्च | ० | ० | ० | ० | ० | ० |
| **कुल नेटवर्थ** | २०,३३१ | २०,४०५ | ४,०९,२६० | ५,६६,५०० | ६,८८,७५० | ८२०६२३ |
| शेयर संख्या (हजारमा) | ३१५ | ३१५ | ४,२०० | ५,६०० | ५,६०० | ५६०० |
| प्रति शेयर नेटवर्थ (रु.) | ६४.५४ | ६४.७८ | ९७.४४ | १०१.१६ | १२२.९९ | १४६.५४ |
| प्रति शेयर चुक्ता पुंजी | १०० | १०० | १०० | १०० | १०० | १०० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| नेटवर्थमा औसत प्रतिफल | २.३७% | ०.३७% | ०.०९% | ३.०४% | १७.७५% | १६.०७% |
| निष्काशन पूर्वको प्रति शेयर आम्दानी (EPS) कायम राख्न बृद्धि हुने नेटवर्थमा आवश्यक न्यूनतम प्रतिफल (प्रतिशतमा) | | | | ०.०९% | | |

*कम्पनीको वित्तिय विवरण प्रक्षेपण विगत बर्षको कारोबारको आधारमा निष्काशन श्री जि. पौडेल एण्ड एशोशियट्का चार्टड एकाण्टेण्ट श्री शम्भुप्रसाद चौधरीले तैयार गरेको हो । उक्त वित्तिय प्रक्षेपणको आधारहरु तथा तरिका पुनरावलोकन गरी ठिक छ भनि श्री ज्ञानेन्द्र एण्ड एशोशिएटस्का श्री ज्ञानेन्द्र सुवेदीले गर्नु भएको हो ।*

**१०. धितोपत्र निष्काशन सम्बन्धी विवरण :**

**(क) धितोपत्र जारी गर्नुको उद्देश्य :**

कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा व्यवस्था भए अनुसार कम्पनीले आफ्नो जारी पूंजी रु. ५६,००,००,०००/–(अक्षरेपी छपन्न करोडरुपैंया मात्र) मध्ये २५% अर्थात रु.१४,००,००,०००/–(अक्षरेपी चौध करोडरुपैंया मात्र) रकम बराबर प्रति शेयर रु. १००/–अंकित मूल्यको १४,००,००० (चौध लाख) कित्ता साधारण शेयर सर्वसाधारणका लागी निष्काशन गर्नेछ, जस मध्ये जारी पूँजीको १०% अर्थात् रु. ५,६०,००,०००/– रकम बराबरको रु. १००/– अंकित दरको ५,६०,००० कित्ता साधारण शेयर आयोजना प्रभावित क्षेत्र (उद्योग प्रभावित क्षेत्र) पाँचथर तथा ताप्लेजुंग जिल्लाहरुका बासिन्दाहरुको निमित्त धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को अधिनमा रही निष्काशन गरि बांडफांड समेत गरिसकिएको छ भने बाँकी रहेको १५% अर्थात रु. ८,४०,००,०००/– रकम बराबरको रु. १००/– अंकित दरको ८,४०,००० कित्ता साधारण शेयर मध्ये ४% अर्थात ३३,६०० कित्ता साधारण शेयरहरु कम्पनीको सेवामा रहेका कर्मचारीहरुको लागि सुरक्षित गरिएको तथा ५% अर्थात ४२,००० कित्ता साधारण शेयरहरु सामुहिक लगानी कोषहरुमा बांडफांट गरिएको र बांकि ७,७२,८०० कित्ता शेयरहरु सर्वसाधारणलाई सार्वजनिक निष्काशन गरी बिक्री वितरण गरिनेछ । यो शेयर निष्कासनको मुख्य उद्देश्य कम्पनीले पाँचथर तथा ताप्लेजुंग जिल्लाहरुको सीमाना भई बहने इवाखोलामा निर्माण गरिरहेको ९.९ मेगावाट क्षमताको इवाखोला जलविद्युत आयोजना निर्माणको लागि पूँजी व्यवस्थापन गर्नु हो । उक्त आयोजनाको लागि धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को नियम ९(३) बमोजिमको शर्तहरु पुरा भईसकेको छ ।

१) आफ्नो उद्देश्य अनुसार करोबार सञ्चालन गर्नकालागि आवश्यक कार्यहरु अगाडि बढाई एक वर्षको अवधि पूरा गरेको : मिति २०७१ साल वैशाख २० गते प्रा. लि. वाट पब्लिक कम्पनीमा परिणत ।

२) प्रचलित कानुन बमोजिम लेखपरीक्षण तथा साधारणसभा सम्पन्न गरेको : मिति २०७४ साल असोज २८ गते कम्पनीको नियमीत चौधौं वार्षिक साधारण सभा सम्पन्न ।

३) आफ्नो उद्देश्य अनुसार कारोबार सञ्चालन गर्नका लागि प्रचलित कानुन बमोजिम कुनै निकायबाट इजाजत, अनुमति वा स्वीकृति लिनुपर्ने भएमा त्यस्तो इजाजत, अनुमति वा स्वीकृति लिइसकेको : सबै अनुमती प्राप्त भईसकेको ।

४) संगठित संस्थाको लागि आवश्यक पर्ने जग्गा खरिद वा अन्य प्रकारले व्यवस्था गरी कारखाना भवन, कार्यालय भवन, गोदामघर तथा अन्य आवश्यक सुविधाहरुको निर्माण कार्य शुरु गरिसकेको : आयोजनाका लागि आवश्यक सम्पूर्ण जग्गा खरिद भै कार्यालय भवन तथा कारखाना निर्माण भै सकेको ।

५) उत्पादनको प्रविधि छनौट गरी उद्योगको लागि आवश्यक पर्ने यान्त्रिक उपकरण तथा त्यसका पार्टपूर्जा आदि खरीद गर्नुपर्ने भएमा टेण्डर आदि गरी खरीद प्रकृया अगाडि बढाई सकेको : आयोजनाका लागि आवश्यक मेशिन तथा पार्ट/पूर्जाका लागि श्री बैंक अफ काठमाडौं लि., कमलादी शाखावाट प्रतित-पत्र खोली सामान आयात भई परियोजना स्थलमा पुगिसकेको ।

६) धितोपत्रको सार्वजनिक निष्काशन सम्बन्धमा निष्काशन तथा बिक्री प्रबन्धकसँग सम्झौता भइसकेको :धितोपत्रको सार्वजनिक निष्काशन गर्न धितोपत्र निष्काशक तथा बिक्री प्रबन्धकसंग मिति २०७३/०४/२३ मा सम्झौता सम्पन्न भएको ।

७) आयोजनाको निर्माण अवधिभर कम्पनीको ऋण र पुंजीकोअनुपात निर्देशिकामा तोकिएको अनुपातमा राख्न सहमत भएको : भएको ।

८) संस्थापकहरुले लिन कबुल गरेको धितोपत्रको रकम शत प्रतिशत चुक्ता भैसकेको : शत प्रतिशत चुक्ता भईसकेको

९) परियोजना निर्माणका लगि फाइनान्सियल क्लोजर (Financial Closer) भैसकेको : मिति २०७२/११/०१ माश्री बैंक अफ काठमाडौं लि. को अगुवाईमा ऋण सम्झौता सम्पन्न भएको ।

१०) जलविद्युत उत्पादन संस्था भएमा, विद्युत खरिद सम्झौता गरिसकेको : मिति २०७०/०१/२९ मा श्री नेपाल बिद्युत प्राधिकरणसंग बिद्युत खरिद/बिक्री सम्झौता सम्पन्न भैसकेको ।

११) सर्वसाधारणका लागि निष्काशन गर्न लागेको शेयरहरु निर्देशिकामा तोकिए बममेजिम प्रत्याभुति गराएको : मिति २०७३/०४/२३ मा सर्वसाधारणका लागि निष्काशन गर्न लागेको शेयरहरु निर्देशिकामा तोकिए बमोजिम प्रत्याभुति सम्झौता सम्पन्न भैसकेको ।

**(ख) धितोपत्र निष्कासनबाट प्राप्त पूाजीको उपयोग :**

१) **निष्कासनबाट प्राप्त हुने कूल रकमलाई प्रयोग गर्ने क्षेत्र सम्बन्धी विवरण** :निष्काशनबाट प्राप्त हुने कुल रकमलाई आयोजना निर्माण अन्तर्गत निम्न दायित्वहरु भुक्तानी गर्न प्रयोग गरिनेछ ।

| **धितोपत्र निष्काशनबाट प्राप्त हुने कुल रकम** | **रु. ८,४०,००,०००** |
|---|---|
| (प्राप्त पूँजीको उपयोग) | |
| १. सिभिल ठेक्का भुक्तानी | रु. ४,००,००,००० |
| २. फलाम निर्माण कार्यको ठेक्का भुक्तानी | रु. ३,००,००,००० |
| ३. प्रतित पत्र तथा अन्य वापत | रु. १,४०,००,००० |
| जम्मा | रु. **८,४०,००,०००** |

२) **सार्वजनिक निष्कासन गरिने धितोपत्र पूर्ण रुपमा विक्री नभएमा सार्वजनिक निष्कासनको लागि उद्देश्य प्राप्ती गर्नको लागि अपनाइने बैकल्पिक व्यवस्था** :अन्य जलविद्युत कम्पनीले शेयर निष्काशन गर्दा विगतमा माग भन्दा बढी शेयरको लागि दरखास्त परी शेयर कारोबार समेत भई सकेकोछ । कथंकदाचित निष्काशन गरिने शेयर पूर्णरुपमा खरिद नभएमा यस विवरणपत्र मार्फत निष्काशन हुने शेयरको १०० प्रतिशत शेयरका लागि शेयर प्रत्याभूती गरि सकिएको छ ।

३) **आयोजनाको संचालन स्थान, आयोजना चरणबद्ध रुपका कार्यान्वयन गरिने भए प्रत्येक चरणमा लाग्ने खर्च, कुनै चरण समाप्त भैसकेको भए सो सम्बन्धी विवरण** : यो आयोजनाको हेडवर्क्स देखि विद्युतगृहका सम्पूर्ण संरचनाहरु पाँचथर जिल्ला, याङवरक गाउँपालिका वडा नं. ४ मा अवस्थित छ भने बाँधको पूर्वतर्फको भाग ताप्लेजुंग जिल्ला, सिदिङवा गाउँपालिकामा अवस्थित छ । आयोजनाबाट उत्पादिन विद्युत ३३ के.भी. प्रसारण लाइन मार्फत अरुण कावेली पावर लिमिटेडले निर्माण गरिरहेको कावेली वी १ जलविद्युत आयोजनाको स्वीचयार्डसम्म लगिनेछ र सो स्थानबाट अपग्रेड गरि १३२ के.भी. लाइन मार्फत अमरपुर सवस्टेशनमा समाहीत गरिनेछ । यो प्रतिवेदन तयार पार्दासम्म आयोजनाको प्रक्षेपित लागतको ८७.३८ प्रतिशत, अर्थात् कुल रु. १३९.८० करोड खर्च भैसकेको छ । आयोजनाको निर्माण कार्य सवै क्षेत्रमा एकै साथ भैरहेको छ र कामको प्रगती विवरण यसै विवरण पत्रको दफा नं. ३.३.१ को ४ नं. बुंदामा प्रस्तुत गरिएकोछ ।

४) **आयोजना सम्पन्न हुने, परिक्षण उत्पादन शुरु हुने र पूर्ण व्यावसायिक उत्पादन शुरु हुने अनुमानित मिति** :आयोजनाको निर्माण कार्य मिति २०७५ बैशाख मसान्त भित्र सम्पन्न गरी वैशाख १५ गतेबाट परीक्षण उत्पादन गर्ने लक्ष्य सहीत निर्माण कार्य भैरहेको छ । नेपाल विद्युत प्राधिकरणसँग भएको विद्युत खरीद विक्री सम्झौतानुसार व्यवसायिक विद्युत उत्पादन गर्नुपर्ने मिति २०७५ जेष्ठ १ गते रहेको छ ।

५) **संगठित संस्थाले कुनै उपकरण खरिद गरेको वा गर्न लागेको भए उक्त उपकरणको मूल्य वा प्रास्तावित मूल्य सप्लायर्सको नाम र सप्लायर्ससाग सम्झौता भएको भए सो को मुख्य बूंदाहरु** :कम्पनीले विद्युतगृहमाजडान गरिने टवाईन, जेनेरेटर तथा कन्ट्रोल उपकरणहरु युरोपमा मूख्य कार्यालय रही भारतको फरिदावादमा कारखाना स्थापना गर्ने Andritz Hydro Pvt. Ltd. ले निर्माण गर्ने उपकरणहरुको लागि अमेरिकन डलर १६,७६,८५६/- बराबरको प्रतित पत्र (LC) खोलीएको छ । ट्रान्सफर्मर, कनेक्सन इक्वीपमेण्ट, ग्याङट्री, मिटरिङ युनिट लगायत सवस्टेशनका सम्पूर्ण उपकरणहरुको लागि भारतको गुडगावँमा कार्यालय रहेको NEON India Pvt. Ltd. वाट खरीद गर्नका लागि प्रतित पत्र खोली सकिएको र उक्त प्रतित पत्रको भारतीय मूल्य रु. ८,०३,५८,६५८/- रहेको छ । दुबै कम्पनीवाट आयात गरिएका मेशित तथा पार्टपूर्जाहरु आयोजनास्थलमा पुगि जडान कार्य शुरु भएको छ ।

६) **कुनै पार्टीसाग प्रतिलिपि अधिकार ट्रेडमार्क इजाजतपत्र रोयल्टी सहकार्य सम्बन्धमा वा वित्तीय वा प्राविधिक सम्झौता गरिएको भए सो को प्रमुख शर्तहरु र पार्टीको नाम ठेगाना सम्बन्धी विस्तृत विवरण** :सो नभएको ।

७) **उत्पादन सम्बन्धी आयोजना भए, सोको प्रकृती, प्रयोगकर्ता, प्रतिस्पर्धा, लक्षित समूह, उत्पादन क्षमता, विगतका बर्षहरुको क्षमता उपभोग वा भविष्यमा गरिने क्षमता उपभोग सम्बन्धी विवरण**: कम्पनीबाट निर्माण सम्पन्न भई संचालनहुने जलविद्युत आयोजनाको बिद्युत उत्पादन क्षमता ९.९ मेगावाट रहेको छ । उपरोक्त आयोजनावाट उत्पादन हुने ५६.६५ GWh बिद्युतशक्ति ३० वर्षको लागि नेपाल बिद्युत प्राधिकरणलाई बिक्री गर्न विद्युत खरिद/बिक्री तथा ग्रीड सम्झौता भैसकेको छ ।

८) **आयोजनाको लागि आवश्यक कच्चा पदार्थको उपलब्धता र त्यसको श्रोत** : ताप्लेजुंग तथा पांचथर जिल्लाहरुको सीमा भई वहने इवाखोलाको पानी ।

९) **आयोजनाको लागि आवश्यक हुने विद्युत, पानी, ग्यासको मात्रा र त्यसको श्रोत** :आयोजना सञ्चालनको लागि इवाखोलाबाट अधिकतम १२.३० क्यूमेक्स पानी उपयोग हुनेछ र आयोजनाको सञ्चालनमा आइसके पछि २५० के.भी.ए. क्षमताको ट्रान्फर्मर जडान गरिर उक्त विद्युत आफ्नै आयोजनाबाट खपत गरिनेछ ।

**१०) सार्वजनिक निष्काशनको लागि गरिने खर्च प्रमुख रुपमा देहायमा उल्लेखित पक्षहरुलाई दिने शुल्कःहरु छुट्टाछुट्टै रुपमा प्रस्तुत गर्नु पर्ने :**

अ) निष्काशन तथा बिक्री प्रबन्धक – रु. ५,००,०००/–
आ) ट्रष्टी (डिवेन्चर निष्काशनको हकमा) – निष्काशन गरिने डिवेन्चर नभई साधारण शेयर भएको ।
ई) प्रत्याभूतिकर्ता शुल्क – नभएको ।
इ) विज्ञहरुको पारिश्रमिक वा सेवा शुल्क – नभएको ।
उ) लेखापरीक्षकको शुल्कः – प्रक्षेपित वित्तीय विवरण प्रमाणित गरे बापत रु. २५,०००/– भुक्तानी गरिएको ।
ऊ) अन्य (जस्तै संकलन केन्द्र, निष्काशन बैंक आदि) – संकलन केन्द्र तथा निष्काशन बैंकलाई कुनै सेवा शुल्कको व्यवस्था गरिएको छैन ।

(ग) **सार्वजनिक निष्कासनबाट प्राप्त रकमलाई आयोजनामा प्रयोग गर्न पूर्व अन्य कुनै व्यवस्था गर्न लागिएको छ भने तत्सम्बन्धी विवरण** : सो नभएको ।

(घ) **प्रिमियममा धितोपत्र जारी गर्ने भएमा** : शेयरको मुल्यमा प्रिमियम थप गरिएको छैन ।

(ङ) **धितोपत्रको बांडफांट, फिर्ता भुक्तानी तथा सूचीकरण सम्बन्धी व्यवस्था :**

१) **बांडफांटको प्रकृया** : यस विवरण पत्र मार्फत् जारी गरिएको साधारण शेयरको लागि प्राप्त आवेदनहरु धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४ मा भएको प्रावधान अनुसार आवेदकहरुमा धितोपत्र बाँडफाँट गरिनेछ । यसरी बाँडफाँट भए पश्चात् प्रचलित धितोपत्र दर्ता तथा निष्काशन सम्बन्धि व्यवस्था अनुसार निर्धारित अवधि भित्र बाँडफाँटमा परेका शेयरधनीहरुलाई सार्वजनिक सूचना मार्फत जानकारी गराई नपरेको रकम फिर्ता भुक्तानी तथा बांडफांटमा परेका शेयरहरु नेपाल स्टक एक्सचेन्ज लिमिटेड र सिडिएस एण्ड क्लियरिङ लिमिटेडमा सूचिकरण पश्चात निजहरुको हितग्राही खातामा जम्मा गरिनेछ । यस विवरण पत्र मार्फत निष्कासन गर्न लागिएको ८,४०,००० कित्ता साधारण शेयरमध्ये ४% अर्थात ३३,६०० कित्ता साधारण शेयरहरु कम्पनीको सेवामा रहेका कर्मचारीहरुको लागि (एकाउन्न देखि एक सय जना कर्मचारी भएको अनुसार हिसाव गरिएको) सुरक्षित गरिएको तथा ५% अर्थात ४२,००० कित्ता साधारण शेयरहरु सामुहिक लगानी कोषहरुमा बांडफांट गरिएको र बांकि ७,७२,८०० कित्ता शेयरहरु सर्वसाधारणलाई सार्वजनिक निष्काशन गरी बिक्री वितरण गरिनेछ ।

२) **फिर्ता भुक्तानी सम्वन्धी व्यवस्था** : शेयर बापतको आवेदन लिने कार्य धितोपत्रको सार्वजनिक निष्काशनको धितोपत्र खरिद (सार्वजनिक निष्काशन) सम्बन्धि निर्देशिका, २०७३ मा भएको व्यवस्था बमोजिम सहभागी बैंक तथा वित्तीय संस्थाबाट हुनेछ । उक्त निर्देशिकामा भएको व्यवस्था अनुसार बांडफांडको विवरणको आधारमा आवेदकको खातामा रोक्का रहेको रकम मध्ये बांडफांटमा परेको रकम रकमान्तर गरी बांकी रकम फुकुवा गरिनेछ ।

३) **सूचीकरण सम्बन्धी व्यवस्थाः** निष्कासन गरिने साधारण शेयरको बाँडफाँट पश्चात प्रचलित धितोपत्र सम्बन्धी कानूनमा भएको व्यवस्था अनुसार निर्धारित अवधिभित्र सर्वसाधारणलाई सार्वजनिक निष्काशन गरिने धितोपत्र तथा उद्योग प्रभावित क्षेत्रका बासिन्दाहरुलाई निष्काशन गरिएको साधारण शेयर सूचिकरण गराई शेयर खरिद/बिक्रीको व्यवस्था मिलाइने छ ।

४) **निवेदन साथ प्राप्त रकमको फिर्ता भुक्तानीमा ढिलाई भएमा दिइने व्याजदर** : धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४ ले निर्धारित गरेको समयभित्र शेयरको बाँडफाँट–पत्र तथा रकम फिर्ता भुक्तानी दिन नसकिएमा "धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४" को दफा २९(३) मा भएको व्यबस्था बमोजिम शेयर बिक्री बन्द भएको मितिदेखि रकम फिर्ता भुक्तानी दिन शुरु गरेको अघिल्लो दिनसम्मको सरकारी ऋणपत्रको प्रचलित अन्तिम व्याजदरको आधारमा हुन आउने व्याज सहित हिसाव गरी रकम फिर्ता भुक्तानी गरिने व्यवस्था रहेकोमा यस निष्काशनमा धितोपत्र खरिद (सार्वजनिक निष्काशन) सम्बन्धी निर्देशिका, २०७३ (आश्वा) ले गरेको व्यवस्था बमोजिम आवेदन माग गर्नुपर्ने भएकोले आवेदककै बैंक खातामा रकम रोक्का हुने व्यवस्था रहेको छ ।

५) **धितोपत्रको बांडफांट तथा प्रमाणपत्र जारी सम्वन्धी प्रकृया र समयावधी** : निष्कासन गरिने साधारण शेयर प्रचलित धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४ तथा प्रचलित शेयर बाँडफाँट सम्वन्धी व्यवस्था अनुसार साधारण शेयरको बाँडफाँट गरी सूचिकरण भए पश्चात धितोपत्र केन्द्रीय निक्षेप सेवा नियमावली, २०६७ को नियम २४(७) बमोजिम सम्बन्धीत शेयरधनीको हितग्राही खातामा अभौतिक रुपमा शेयर जम्मा गरिनेछ ।

६) **धितोपत्र सूचिकरण भैसकेको भए त्यस्तो धितोपत्र सूचिकरण गरिएको धितोपत्र बजारको नाम धितोपत्र कारोवार शुरु हुनको लागि संगठित संस्थाले पूरा गर्नुपर्ने शर्तहरु सम्बन्धि विवरण** : सो नभएको ।

(च) **प्रत्याभूति सम्बन्धी विवरण :**

१) **धितोपत्र प्रत्याभूति गर्ने संगठित संस्थाको नाम, ठेगाना र प्रत्याभूति गर्ने धितोपत्रको संख्या र रकम** :यस विवरणपत्र मार्फत निष्काशन गरिने साधारण शेयरहरुको प्रत्याभूति एनआइविएल एस क्यापिटल लिमिटेड, लाजिम्पाट, काठमाडौं तथा भिवोर क्यापिटल लिमिटेड, काठमाडौंले गरेका छन् । प्रत्याभूती गर्ने शेयर रु. १००/- दरको ८,४०,००० कित्ता वरावरको मूल्य रु.८,४०,००,०००/- रहेको छ ।

२) **धितोपत्र प्रत्याभूतिकर्तासाग गरिएको सम्झौताको मूख्य मूख्य बूदाहरु :**

क) सार्वजनिक निष्काशन गरिएको दरखास्त रकम पुरै दरखास्त नपरेको अवस्थामा विद्यमान कानून बमोजिम प्रत्याभूतीकर्ताले प्रति शेयर रु.१००/- का दरले ८,४०,००० कित्ता शेयर खरिद गर्नेछ ।

ख) सर्वसाधारणलाई शेयर निष्काशन गरी सो सम्बन्धी सम्पूर्ण कार्य समाप्त नभएसम्म यस सम्झौता कायम रहनेछ ।

ग) निष्काशनकर्ता कम्पनी र प्रत्याभूतीकर्ता बीच लिखित तथा मौखिक रुपमा सूचनाहरु आदान प्रदान हुनेछ र यस्ता सूचनाहरु दुवैपक्षले गोप्य राख्नेछन् र एक अर्काको सहमति विना यस्ता सूचनाहरु कसैलाई उपलब्ध गराउने छैन ।

(छ) **आवेदन दिंदा ध्यान दिनु पर्ने कुराहरु :**

१) **धितोपत्रवालाको अधिकार तथा प्रतिबन्धात्मक व्यवस्थाहरु जस्तै मताधिकार, लाभांश, हकप्रद शेयर, धितोपत्रवालाको अधिकारमा परिवर्तन गर्ने प्रकृया तथा धितोपत्रको खारेजी आदि सम्बन्धी विवरण** :यस विवरणपत्र अनुसार निष्काशन गरिने साधारण शेयरको बाँडफाँटमा परेका शेयरधनीहरुको अधिकार तथा प्रतिबन्धात्मक ब्यबस्थाहरु जस्तै मताधिकार, लाभांश, हकप्रद शेयर, धितोपत्रवालाको अधिकारमा परिवर्तन गर्ने प्रकृया तथा धितोपत्रको खारेजी आदि सम्बन्धी ब्यबस्थाहरु प्रचलित कानून बमोजिम हुनेछ ।

२) **नियमावली, प्रबन्धपत्र प्राप्त गर्ने वा हेर्न सक्ने ठाउं, भुक्तानी गर्ने तरिका, लिनुपर्ने न्यूनतम धितोपत्र संख्या र सो भन्दा माथि लिने भएमा कुन गुणात्तमा लिनसक्ने हो सो सम्बन्धी विवरण :**

क. यस कम्पनीको प्रबन्धपत्र तथा नियमावली कार्यालय समय भित्र कम्पनीको रजिष्टर्ड कार्यालय, वडा नं.११, थापाथली, काठमाडौं वा धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक श्री एनआईबिएल एस क्यापिटल लिमिटेडको कार्यालय, लाजिम्पाट, काठमाडौंमा सम्पर्क राखि हेर्न वा प्राप्त गर्न सकिनेछ ।

ख. यस विवरणपत्र मार्फत निष्काशन गरिने साधारण शेयर खरिदका लागि दरखास्त दिँदा दरखास्तवालाले दरखास्तसाथ आफुले खरिद गर्न चाहेको साधारण शेयर संख्याको प्रति साधारण शेयर रु.१००/– का दरले हुन आउने एकमुष्ट रकम नेपाल धितोपत्र बोर्डबाट स्वीकृत प्राप्त गरेका सम्पूर्ण आश्वा (ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाहरु र तिनका शाखा कार्यालयहरुमा जम्मा गरी सो को सक्कल भौचर वा बैंक ड्राफ्ट संलग्न गरी दरखास्त दिनु पर्नेछ ।

ग. यस विवरणपत्र मार्फत निष्काशन गरिने साधारण शेयरको लागि दरखास्त दिँदा दरखास्तवालाले कम्तीमा ५०(पचास) कित्ता साधारण शेयरको लागि दरखास्त दिनु पर्नेछ । यदि कुनै दरखास्तवालाले ५० कित्ता भन्दा बढी शेयरको लागि दरखास्त दिन चाहेमा १० अंकको गुणाङ्कमा अधिकतम ४,२००/- (चार हजार दुई सय) कित्ता साधारण शेयर खरिद गर्नका लागि दरखास्त दिनु पर्नेछ ।

३) **आवेदन दिंदा पालना गर्नुपर्ने शर्त बन्देजहरु जस्तै एक भन्दा बढी दरखास्त दिन नपाइने, लगानीकर्ताको पहिचानको लागि नागरिकता/जन्मदर्ताको प्रमाणित प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्ने वा धितोपत्र दलाल व्यवसायीले दिएको ग्राहकको परिचय नम्बर र सम्बन्धित व्यवसायीको नाम खुलाउनुपर्ने र बैंक खाता मार्फत कारोबार गरिनुपर्ने जस्ता पक्षहरु :**

क) कुनैपनि नेपाली नागरिकले यस विवरणपत्र अनुसार जारी गरिने शेयर खरिद गर्न आवेदन दिन सक्नेछन् ।

ख) आस्वा प्रणाली अन्तर्गतको आवेदन दिंदा भर्नुपर्ने अनुसुची ४ को सम्पूर्ण विवरणहरु स्पष्ट रुपमा खुलाउनु पर्नेछ ।

(१) धितोपत्र निष्काशनकर्ता कम्पनीको नाम ।

(२) आवेदकको नाम, थर, ठेगाना, नागरिकता नं., दस्तखत, सम्पर्क फोन नं., इमेल ठेगाना ।

(३) नावालक र विक्षिप्त व्यक्तिको हकमा संरक्षकको नाम, थर र नाता ।

(४) खरिद गर्न चाहेको धितोपत्रको संख्या (अंक र अक्षरमा) ।

(५) खरिद गर्न चाहेको धितोपत्र बापतको रकम (अंक र अक्षरमा) ।

(६) आवेदकको खाता रहेको बैंकको नाम, ठेगाना, खाता नं. र खाताको किसिम ।

(७) आवेदकको हितग्राही (डिम्याट) खाता नम्बर ।

ग) आवेदकहरुले आवेदन दिंदा आस्वा सदस्य बैंकहरुमा रहेको आवेदन बापतको रकम रोक्का राखिने खाता अन्य कुनै प्रकारले रोक्का रहेको वा निष्कृय (Dormant) रहेको हुनु हुंदैन ।

घ) आवेदन दिएको रकम बराबरको रकम खातामा हुनु पर्नेछ ।

ङ) धितोपत्र खरिद (सार्वजनिक निष्काशन) सम्बन्धी निर्देशिका, २०७३ अनुरुप आस्वा (ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाबाट आवेदन दिने आवेदकहरुका सम्बन्धित बैंक तथा वित्तीय संस्थाले नै बांडफांटमा नपर्ने लगानीकर्ताको धितोपत्र खरिदको आवेदन बमोजिम रोक्का राखेको खाताको रकम मा रोक्का फुकुवा गरिदिनेछ ।

च)	एक व्यक्तिले आफुले खरिद गर्न चाहेको साधारण शेयरको लागि एक भन्दा बढी दरखास्त दिन पाईने छैन । यदि एक व्यक्तिको नाममा एक भन्दा बढि आवेदन प्राप्त हुन आएमा सम्पूर्ण दरखास्तलाई रद्द गरिनेछ ।

छ)	दरखास्त फाराममा गलत विवरण भरेको वा उल्लेख गर्नुपर्ने सम्पूर्ण विवरण उल्लेख नगरेको वा भरेको नपाईएमा सो दरखास्त फारामलाई रद्द गरिनेछ ।

ज)	धितोपत्र खरिदका लागि दरखास्त दिंदाको अवस्थामा वा दरखास्त दिईसकेपछि खरिद गर्न चाहेको धितोपत्र बापतको रकम भुक्तानी नहुँदै प्रचलित कानुन बमोजिम अधिकार प्राप्त अधिकारी वा निकायबाट लगानीकर्ताको खाता रोक्का राख्ने आदेश प्राप्त भएमा निष्काशन तथा बिक्री प्रबन्धकले त्यस्तो दरखास्त फारामलाई रद्द गरिने हुंदा सो कुराको जानकारी आवेदक स्वयंले जानकारीमा लिनु पर्नेछ ।

(झ)	धितोपत्र बांडफांट गर्नु पूर्वअख्तियार प्राप्त निकायबाट कुनै लगानीकर्ताको खाता रोक्का राख्न आदेश वा निर्देशन प्राप्त भएमा सम्बन्धित बैंक वा वित्तीय संस्थाले त्यस्तो आदेश वा निर्देशन अनुसार सम्बन्धित लगानीकर्ताको खाता रोक्का गरी त्यसको जानकारी तुरुन्त निष्काशन तथा बिक्री प्रबन्धकलाई दिनु पर्नेछ ।

(ञ)	शेयरको बांडफांट गरी सुचीकरण भए पश्चात बांडफांटमा परेका आवेदकहरुलाई बांडफांटमा परेका शेयर निजहरुको हितग्राही खातामा जम्मा गर्ने व्यवस्था गरिने भएकोले सम्पूर्ण आवेदकहरुले अनिवार्य रुपमा आफ्नो हितग्राही खाता नं. आवेदन फाराममा उल्लेख गर्नुपर्नेछ ।

(ट)	रितपूर्वक प्राप्त नभएको दरखास्त तथा आवेदन फाराममा उल्लेख भएको हितग्राही खाता नं. र आवेदकको नाम सिडिएससीको अभिलेखमा फरक परेकोपाईएमा सो फारामलाई शेयर बांडफांटमा समावेश नगरिने हुंदा आवेदन फाराममा भरेको हितग्राही खाता नं. आवेदक स्वयंले एकिन गर्नुपर्नेछ ।

(ठ)	आयोजना प्रभावित क्षेत्र (उद्योग प्रभावित क्षेत्र) अर्थात पांचथर र ताप्लेजुङ जिल्लाका बासिन्दाहरुलाई जारी गरेको शेयर खरिद गरी कायम भएका शेयरधनीहरुले यस विवरणपत्र मार्फत सर्वसाधारणलाई जारी गरिने साधारण शेयर खरिद गर्नका लागि आवेदन दिन पाउने छैनन् ।

(ड)	यस विवरण पत्रबाट निष्काशन हुने धितोपत्र खरिदका लागि दरखास्त दिन चाहनेले नेपाल धितोपत्र बोर्डबाट अनुमति लिई **धितोपत्रको सार्वजनिक निष्काशनको केन्द्रीकृत विद्युतिय सेवा सम्बन्धी कार्य सञ्चालन निर्देशिका, २०७४** बमोजिम सार्वजनिक निष्काशन प्रणाली मार्फत आवेदन संकलन गर्न आवद्ध आश्वा सेवामा सहभागी बैंक तथा वित्तीय संस्था तथा तिनका शाखा कार्यालयहरुबाट आवेदन दिन सक्नेछन् । C-ASBA सेवामा सहभागी बैंक तथा वित्तीय संस्थाहरुले आवेदन फारम बुझिलिंदा उल्लेखित कागजात संलग्न गरे नगरेको यकिन गरी सक्कल कागजातसंग रुजु गरेर मात्र बुझि लिनुपर्नेछ र यसरी बुझीलिएको फारम यस निष्काशनका लागि नेपाल धितोपत्र बोर्डको समन्वयमा CDS and Clearing Limited बाट यस निष्काशनका लागि C-ASBA अर्न्तगत विकास गरिएको विशेष आवेदन संकलन प्रणालीमा प्रवृष्टि गर्नुपर्नेछ ।

(त)	आस्वा (ASBA) सेवामा सहभागी बैक तथा वित्तीय संस्थाले C-ASBA अर्न्तगत लिने आवेदनको ढाँचा **धितोपत्रको सार्वजनिक निष्काशनको केन्द्रिकृत विद्युतीय सेवा सम्बन्धी कार्य सञ्चालन निर्देशिका, २०७४** को अनुसुची ५ बमोजिम हुनुपर्नेछ ।

**११. सम्बन्धित पक्ष बीचको कारोबार सम्बन्धी विवरण :**

**निष्काशनकर्ता संगठित संस्था र निम्न लिखित पक्ष बीच विगत २ बर्षको अवधिमा कुनै प्रकारको बस्तुगत कारोवार भएको वा कुनै कारोवार गर्न प्रस्ताव गरिएको भए कारोवारमा संलग्न ब्यक्तिहरुको नाम, तिनीहरुको संगठित संस्था सागको सम्बन्ध, कारोबारको प्रकृति र रकम :**

क) संगठित संस्थाको कार्यकारी अधिकृत वा संचालकको रुपमा रहेको व्यक्ति : कारोबार नभएको ।

ख) आधारभूत शेयरधनी : कारोबार नभएको ।

ग) खण्ड (क) र (ख) मा उल्लेखित कुनै ब्यक्तिको एकाघर परिवार सदस्य : कारोबार नभएको ।

घ) संगठित संस्थाको कार्यकारी अधिकृत वा सञ्चालक वा आधारभूत शेयरधनीले ३० प्रतिशत वा सो भन्दा बढी मताधिकार हुने गरी शेयर स्वामित्व ग्रहण गरेको कम्पनी वा संगठित संस्था : सो नभएको ।

ङ) संगठित संस्था वा त्यसको सहायक कम्पनीले हालको संचालक वा नीजको एकाघरको परिवारको सदस्यका लागि कुनै कारोवार वा सम्झौता गरेको छ भने सो वा विवरणपत्र प्रकाशन गर्नु भन्दा ३ बर्ष अगाडिको अवधिमा संस्थाको संचालक वा संचालकको एकाघर परिवारको सदस्यका लागि कुनै कारोवार वा सम्झौता गरेको भए सो कुरा : कुनै कारोवार वा सम्झौता गरेको छैन ।

च) कुनै संचालक वा सञ्चालकको एकाघर परिवारको सदस्यलाई कुनै ऋण दिएको वा निजसँग लिएको भए उक्त ऋण सम्बन्धी विस्तृत विवरण जस्तै ऋण बापत लिएको रकम, ऋणको ब्याजदर, ऋण लिएको मिति, ऋण भुक्तानी अवधि आदि कुरा विवरणपत्रमा खुलाउनु पर्ने : ऋण कारोबार नभएको ।

**१२. विदेशी लगानी र ब्यबस्थापन सम्बन्धी विवरण :**

**विदेशी लगानी र ब्यबस्थापनमा संगठित संस्था संचालन हुने भए सो को विवरणका साथै सम्बन्धित सम्झौताको मुख्य तथा तात्विक बुंदाहरु** : कम्पनीमा विदेशी लगानी र विदेशी ब्यबस्थापन नरहेको ।

१३. **सूचीकृत संगठित संस्थाले सार्वजनिक निष्काशन गर्ने भएमा सो को विवरण :**

क) **संगठित संस्थाको विगत ३ आर्थिक बर्षको प्रत्येक त्रैमासिक अवधिको उच्चतम, न्यूनतम, अन्तिम बजार मूल्यका साथै कारोवार भएको शेयर संख्या** : निष्काशनकर्ता कम्पनी सूचीकृत संगठित संस्था नभएको ।

ख) **बोर्डमा विवरणपत्र दर्ताको लागि प्रस्तुत गर्नु भन्दा ६ महिना अगाडिको अवधिको मासिक रुपमा उच्च, न्यून र अन्तिम मूल्यका साथै प्रत्येक महिनामा कारोवार भएको कुल दिन र कुल कारोबार भएको धितोपत्र संख्या** : नभएको ।

१४. **पछिल्लो सार्वजनिक निष्काशनको अनुमान तथा उपलब्धी सम्बन्धी विवरण :**

**संगठित संस्थाले यस भन्दा अगाडी धितोपत्र निष्काशन गर्दा तयार गरेको विवरणपत्र वा अन्य विवरणहरुमा उल्लेखीत गरिएका लक्ष्य तथा कार्यक्रमहरु तथा खुद मुनाफा हासिल गर्न सके/नसकेको, नसकेको अवस्थामा लक्ष्य तथा कार्यक्रमका साथै विवरणपत्र वा अन्य विवरणहरुमा प्रक्षेपित खुद मुनाफा भन्दा बीस प्रतिशत वा सो भन्दा बढीले न्यून हुन गएको भए यसरी फरक पर्नाको कारण** : हालसम्म कुनै सार्वजनिक निष्काशन नगरिएको ।

१५. **परामर्शदाता/ बिशेषज्ञ सम्बन्धी विवरण:**

क) **लेखापरिक्षक, प्रमुख बैंक, निष्काशन कार्यसाग संलग्न बैंक, प्रक्षेपित वित्तीय विवरण ठीक छ भनी प्रमाणित गर्ने विज्ञ आदिको नाम तथा ठेगाना :**

१) यस कम्पनीको लेखापरीक्षकमा जि. पौड्याल एण्ड एशोसिएट्सका श्री घनश्याम पौड्याल, काठमाडौं रहेको छ ।

२) यस निष्काशनको लागि प्रमुख बैंकको व्यबस्था गरिएको छैन ।

३) यस निष्काशनको लागि धितोपत्र खरिद (सार्वजनिक निष्काशन) सम्बन्धी निर्देशिका, २०७३ पूर्ण रुपमा लागु भईसकेको सन्दर्भमा निष्काशन बैंक (Banker to the Issue) को व्यवस्था लागु नहुने ।

४) यस विवरणपत्रमा उल्लेखित वित्तीय विवरण तथा प्रक्षेपणको अनुमान तथा आधारहरु हालको जलविद्युत बजारको स्थिति, निष्काशनकर्ता कम्पनीको हालको दक्षता र निष्काशनकर्ता कम्पनीले प्राप्त गरेको हालसम्मको कार्य प्रगतिको आधारमा पुनरावलोकन गरी विवरण ठीक छ भनी ज्ञानेन्द्र एण्ड एशोशिएटस्का श्री ज्ञानेन्द्र सुबेदीवाट प्रमाणित भएको छ । कम्पनीको वित्तीय विवरण प्रक्षेपण विगत बर्षको कारोवारको आधारमा श्री जि. पौडेल एण्ड एशोशियट्का चार्टड एकाण्टेण्ट श्री शम्भुप्रसाद चौधरीले तयार गरेको हो ।

शेयर निष्काशन सम्बन्धी विवरणपत्र व्यवसायिक संस्था एनआईबिएल एस क्यापिटल लिमिटेडको कार्यालय, लाजिम्पाट, काठमाडौंबाट निष्काशन कम्पनीबाट प्राप्त विवरणहरुका आधारमा तयार गरिएको हो ।

यस शेयर निष्काशनका लागि निष्काशन तथा बिक्री प्रबन्धकमा एनआईबिएल एस क्यापिटल लिमिटेडको कार्यालय, लाजिम्पाट, काठमाडौंलाई नियुक्त गरिएको छ ।

ख) **माथि खण्ड(क) मा उल्लेखित संस्था वा व्यक्तिसंग भएको सहमतिका मुख्य मुख्य बुादा तथा शर्तहरु** : सो नभएको ।

१६. **आयोजना सम्पन्न गर्नको लागि सार्वजनिक निष्कासनबाहेक अन्य वित्तीयश्रोतहरु प्रयोग गरिएको छ/छैन, तत्सम्बन्धी विवरण :** यो परियोजना निर्माण गर्नका लागि संस्थापक शेयरधनीहरुको स्वलगानी, र बैंक तथा वित्तिय संस्थाहरुबाट ऋण प्राप्त गरि आयोजनाका कामहरु संचालन भैरहेको छ ।

१७. **मुद्दा तथा विवाद सम्बन्धी विवरण :**

क) संगठित संस्थाको तरलता, मौज्दात, कार्य संचालनमा तात्विक असर पर्ने खालको कुनै मुद्दामामिला वा विवाद भए सो सम्बन्धी विवरण तथा उपरोक्त मुद्दा वा विवादको कारणबाट पर्न सक्ने प्रभाव सम्बन्धमा व्यवस्थापनको धारणा : सो नभएको ।

ख) संगठित संस्थालाई असर पर्ने गरी संस्थाको संस्थापक/संचालकले वा लाई दायर गरिएको मुद्दा सम्बन्धी विवरण : सो नभएको ।

ग) विगत पाँच वर्षमा संगठित संस्थाको कुनै संस्थापक/सञ्चालक कालो सूचीमा परेको वा कुनै नैतिक वा आर्थिक कारणबाट कुनै नियमन निकाय वा अदालतले सजाय गराएको भए, त्यस्तो संस्थापक/संचालकको नाम र सजाय गर्ने नियमन निकाय वा अदालतको नाम उल्लेख गर्नुपर्ने : सो नभएको ।

घ) संगठित संस्था बैंक वा वित्तीय संस्थामा ऋण नतिरी डिफल्ट भएको, नियम अनुसारको शुल्क नतिरेको, धितोपत्रवालाहरुको कुनै रकम भुक्तानी नगरिएको भए तत्सम्बन्धी विवरणहरु : सो नभएको ।

१८. **गुनासो सुन्ने र समाधान गर्ने प्रकृया :**

निष्काशित धितोपत्र सम्बन्धी लगानीकर्ताहरुको गुनासो तथा सुझाव सुन्न तथा सो को समाधानका लागि धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको कार्यालयमा एक विशेष कक्षको व्यवस्था गरिएको छ । लगानीकर्ताहरुले देहाएको माध्यम मार्फत आफ्नो गुनासो तथा सुझावहरु श्री राम कुमार महत मार्फत प्रेषित गर्न सक्नेछन् :
फोन नं: ०१-४००५१५७, फ्याक्स नं ०४४२५२८०, email: ram@niblcapital.com

१९. **नगद नलिई कसैलाई धितोपत्र निष्कासन गरिएको छ भने त्यस्तो व्यक्ति वा समूहको नाम, खरीद गरिएको सम्पत्ति वा सेवा सम्बन्धी विवरण, निष्कासन गरिएको धितोपत्रको संख्या र दर सम्बन्धी विवरण** :सो नभएको ।

२०. **ऋणपत्र निष्कासन सम्बन्धी विवरण** :हालसम्म कम्पनीले ऋणपत्र जारी गरिएको छैन ।

२१. **अग्राधिकार शेयर निष्कासन सम्बन्धी विवरण** :सो नभएको ।

२२. **अन्य सामान्य जानकारी :**

**क) विशेषज्ञको कुनै राय भएमा, सो को विवरण** :सो नभएको ।

**ख) गत तीन आर्थिक वर्ष भित्रमा कुनै संचालक, लेखापरीक्षक परिवर्तन भएको भए, सो को कारण :**

गत तीन वर्षमा कम्पनीको सञ्चालकको परिवर्तन विवरण ।

| सि.नं. | नम | नियुक्ति मिति | वहाल रहेको अन्तिम मिति | परिवर्तनको कारण |
|---|---|---|---|---|
| १. | श्री शिवरतन सारडा | २०७१/०१/२१ | यथावत | |
| २. | श्री गुरुप्रसाद न्यौपाने | २०७१/०१/२१ | यथावत | |
| ३. | श्री वच्छराज तातेड | २०७१/०१/२१ | यथावत | |
| ४. | श्री कुवेरमणि नेपाल | २०७१/०१/२१ | यथावत | |
| ५. | श्री रमेशप्रसाद न्यौपाने | २०७१/०१/२१ | यथावत | |

**ग) कम्पनी सचिवको नाम, ठेगाना र योग्यता :**

भक्तपुर जिल्ला, ठिमी नगरपालिका निवासी एम.वि.ए. शैक्षिक योग्यता हासिल गर्नु भएकीश्रीमतिसाइका भण्डारी यस कम्पनीको कम्पनी सचिवको रुपमा कार्यरत हुनुहुन्छ ।

**घ) सार्वजनिक निष्कासन गर्नका लागि संचालक समितिबाट भएको निर्णय सम्बन्धी विवरण :**

कम्पनीको मिति २०७३/४/२२ बसेको संचालक समितिको बैठकबाट सर्वसाधारणको लागि छुट्टाइएको रु. १००/- अंकित दरको १४,००,००० कित्ता साधारण शेयरमध्ये रु. १००/–अंकित दरको ५,६०,००० कित्ता साधारण शेयर आयोजना प्रभावित क्षेत्र (उद्योग प्रभावित क्षेत्र) पांचथर र ताप्लेजुङ जिल्लाका बासिन्दाहरुका लागि १०% अर्थात रु. १०० अंकित दरका ५,६०,००० कित्ता साधारण शेयर निष्काशन गरी मिति २०७४/०४/०६ मा बाँडफाट गरिएको छ तथा बाँकि १५% अर्थात ८,४०,००० कित्ता सामुहिक लगानी कोष, कर्मचारी तथा सर्वसाधारण शेयरधनीहरुलाई निष्काशन गरिने निर्णय गरिएको छ । साथै सो कार्यको लागि श्री एनआईबिएल एस क्यापिटल लिमिटेडको कार्यालय, लाजिम्पाट, काठमाडौंलाई धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकमा नियुक्त गर्ने निर्णय गरेको छ ।

**ङ) संगठित संस्था वा यसका शेयरधनीलाई कुनै विशेष कर सुविधा दिइएको भए, सो सम्बन्धी विवरण** :आयोजनाबाट प्राप्त हुने आयमा १० वर्ष आयकर छुट तथा सो पश्चात् ५ वर्षको लागि ५० प्रतिशत आयकर छुट प्राप्त भएको छ । बि.स. २०८२ सम्म निर्माण सम्पन्न हुने आयोजनाहरुको लागि प्रति मे.वा. रु. ५० लाख दिने व्यवस्था रहेको ।

**च) संगठित संस्थाको पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण भएको वासलात, नाफा नोक्सान हिसाव र नगद प्रवाह विवरण प्राप्त गर्न वा हेर्न सक्ने ठाउा र समय :**

कार्यालय समयभित्र निम्नलिखित स्थानहरुमा कम्पनीको पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण भएको वासलात, नाफा-नोक्सान हिसाव तथा नगद प्रवाहको विवरण प्राप्त गर्न वा निरीक्षण गर्न सकिनेछ ।

१. कम्पनीको रजिष्टर्ड (केन्द्रीय) कार्यालय, वडा नं.११, थापाथली, काठमाडौं ।
२. धितोपत्र निष्कासन तथा बिक्री प्रवन्धक श्री एनआईबिएल एस क्यापिटल लिमिटेडको कार्यालय, लाजिम्पाट, काठमाडौं ।

**छ) बोनस शेयर सम्बन्धी व्यवस्था :**

हालसम्म बोनस शेयर जारी गरिएको छैन । भविष्यमा प्रचलित ऐन र नेपाल धितोपत्र बोर्डको प्रचलित बोनस शेयर निष्काशन सम्बन्धी व्यवस्था अनुसार बोनस शेयर जारी गर्न सक्नेछ ।

**ज) शेयरवाला, कर्मचारी वा अरु कसैको लागि शेयर सुरक्षित गर्ने व्यवस्था गरिएको भएमा सो कुरा :**

यस विवरण पत्र मार्फत निष्कासन गर्न लागिएको ८,४०,००० कित्ता साधारण शेयरमध्ये ४% अर्थात ३३,६०० कित्ता साधारण शेयरहरु कम्पनीको सेवामा रहेका कर्मचारीहरुको लागि सुरक्षित गरिएको तथा ५% अर्थात ४२,००० कित्ता साधारण शेयरहरु सामुहिक लगानी कोषहरुमा बांडफांट गरिएको र बांकि ७,६४,४०० कित्ता शेयरहरु सर्वसाधारणलाई सार्वजनिक निष्काशन गरी बिक्री वितरण गरिनेछ ।

**झ) कम्पनीले कम्पनी ऐनले गरेको व्यवस्थाहरु, आफ्नो कारोबारसाग सम्बन्धित ऐन, नियम तथा नियमन व्यवस्था पूर्ण पालना गरेको सम्बन्धमा गरेको उद्घोषण :**

कम्पनीले कम्पनी ऐन, २०६३ ले गरेको व्यवस्थाहरु, आफूले गर्ने व्यवसायसँग सम्बन्धित ऐन, नियम तथा नियमन व्यवस्था तथा नियमन निकायहरुले दिएको निर्देशनहरुको पूर्ण रुपमा पालना गरेको छ र सोही निर्देशनहरुको दायरा भित्र रही कार्य गरिरहेको र यस विवरणपत्रमा उल्लेख गरिएको विवरणहरु समेत सोही अनुरुप तयार गरिएको हो भन्ने कम्पनीको उद्घोषण रहेकोछ ।

**ञ) धितोपत्र बिक्री वितरण सम्बन्धी व्यवस्था :**

यस विवरणपत्र मार्फत निष्काशित साधारण शेयरको आवेदन फाराम नेपाल धितोपत्र बोर्डबाट स्वीकृति प्राप्त गरेका सम्पूर्ण आस्वा (ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाहरु र तिनका शाखा कार्यालयहरुमा दरखास्त रकम बुझाउन सकिनेछ ।

**ट) क्रेडिट रेटिङ्ग सम्बन्धी ब्यवस्था :**

यस विवरणपत्र मार्फत निष्काशन गर्न लागेको साधारण शेयरको संख्या ८,४०,००० को लागि इक्रा नेपाल प्रा.लि.ले औषत भन्दा कम आधारहरु (Below-average Fundamentals) जनाउने गरी "[ICRANP] IPO Grade 4" रेटिङ्ग प्रदान गरेको छ ।

**ठ) विवरणपत्र तयार गर्ने व्यक्तिको नाम, थर, शैक्षिक योग्यता र अनुभवको विवरण:**यस विवरणपत्र तयार पार्ने व्यवसायिक संस्थामा बिक्री प्रबन्धक श्री एनआईबिएल एस क्यापिटल लिमिटेडको कार्यालय, लाजिम्पाट, काठमाडौं रहेको छ ।

**ड) सकारात्मक पक्षहरु :**

१. आयोजनाबाट प्राप्त हुने आयमा १० वर्ष आयकर छुट तथा सो पश्चात् ५ वर्षको लागि ५० प्रतिशत आयकर छुट प्राप्त भएको हुँदा लाभांशको दर बढी रहेको ।
२. इवाखोला जलविद्युत आयोजनाको कच्चा पदार्थको रुपमा उपयोग हुने पानी हिमालय क्षेत्रबाट आएको हुनाले पानीको निरन्तरतामा विश्वास गर्न सकिने ।
३. कम्पनीसँग दक्ष युवा जनशक्ति रहेकोले यो कम्पनी नेपालमा जलविद्युत आयोजनाको विकास र निर्माणको काममा सफल रहेको ।
४. जलविद्युतको क्षेत्रमा अध्ययन, विकास तथा निर्माण कार्यमा योजनाबद्ध ढंगले समर्पित भएर काम गरिरहेको यस कम्पनीको भविष्य उज्ज्वल रहेको ।
५. निष्काशनको समयमा ९० प्रतिशत भन्दा निर्माण कार्य सम्पन्न भैसकेको ।

**ढ) शेयर रजिष्ट्रार सम्बन्धी व्यवस्था** :नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा सूचिकरण गरे पश्चात् शेयरको दाखिल खारेज, दस्तखत रुजु आदि सम्बन्धी कार्य यस कम्पनीको कार्यालयबाट वा कम्पनीको संचालक समितिले तोके बमोजिम शेयर रजिष्ट्रारको कार्यालयबाट हुने गरी व्यवस्था गरिनेछ ।

**ण) धितोपत्र बिक्री खुल्ला अवधि :**

यस विवरणपत्र मार्फत निष्काशन गरिने शेयरहरुको लागि आवेदन लिने कार्य कम्तीमा चार कार्यदिनका लागि खुल्ला गरिनेछ । सो अवधीभित्र निष्काशन गरिएको सवै धितोपत्र बिक्री नभएमा दरखास्त खुल्ला भएको मितिले बढिमा ३० दिनका लागि धितोपत्रको दरखास्त खुल्ला रहनेछ ।

**त) धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को नियम ९(३) बमोजिमको विवरण :**

१) आफ्नो उद्देश्य अनुसार करोबार सञ्चालन गर्नका लागि आवश्यक कार्यहरु अगाडि बढाई एक वर्षको अवधि पूरा गरेको : मिति २०७१ साल वैशाख २० गते प्रा. लि. वाट पब्लिक कम्पनीमा परिणत ।
२) प्रचलित कानुन बमोजिम लेखपरीक्षण तथा साधारणसभा सम्पन्न गरेको : मिति २०७४ साल असोज २८ गते गते कम्पनीको नियमित चौधौं वार्षिक साधारण सभा सम्पन्न ।
३) आफ्नो उद्देश्य अनुसार कारोबार सञ्चालन गर्नका लागि प्रचलित कानुन बमोजिम कुनै निकायबाट इजाजत, अनुमति वा स्वीकृति लिनुपर्ने भएमा त्यस्तो इजाजत, अनुमति वा स्वीकृति लिइसकेको : सवै अनुमती प्राप्त भईसकेको ।
४) संगठित संस्थाको लागि आवश्यक पर्ने जग्गा खरिद वा अन्य प्रकारले व्यवस्था गरी कारखाना भवन, कार्यलय भवन, गोदामघर तथा अन्य आवश्यक सुविधाहरुको निर्माण कार्य शुरु गरिसकेको : आयोजनाका लागि आवश्यक सम्पूर्ण जग्गा खरिद भैसकेको, आयोजनाको ९० प्रतिशत निर्माण कार्य पुरा भैसकेको र बाँकी काम भैरहेको ।
५) उत्पादनको प्रविधि छनौट गरी उद्योगको लागि आवश्यक पर्ने यान्त्रिक उपकरण तथा त्यसका पार्टपूर्जा आदि खरीद गर्नुपर्ने भएमा टेण्डर आदि गरी खरीद प्रकृया अगाडि बढाई सकेको : आयोजनाका लागि आवश्यक मेशिन तथा

पार्ट/पुर्जाका लागि श्री बैंक अफ काठमाडौं लि., कमलादी शाखावाट प्रतित पत्र खोली सम्पूर्ण सामान आयोजना स्थलमा पुगिसकेको ।

६) धितोपत्रको सार्वजनिक निष्काशन सम्बन्धमा निष्काशन तथा बिक्री प्रबन्धकसँग सम्झौता भइसकेको : धितोपत्रको सार्वजनिक निष्काशन गर्न धितोपत्र निष्काशक तथा बिक्री प्रबन्धक संग मिति २०७३/०४/२३ मा सम्झौता सम्पन्न भएको ।

७) आयोजनाको निर्माण अवधिभर कम्पनीको ऋण र पुँजीको अनुपात निर्देशिकामा तोकिएको अनुपातमा राख्न सहमत भएको : भएको ।

८) संस्थापकहरुले लिन कबुल गरेको धितोपत्रको रकम शत प्रतिशत चुक्ता भैसकेको : शत प्रतिशत चुक्ता भईसकेको

९) परियोजना निर्माणका लगि फाइनान्सियल क्लोजर (Financial Closer) भैसकेको : मिति २०७२/११/०१ मा श्री बैंक अफ काठमाडौं लि. को अगुवाईमा ऋण सम्झौता सम्पन्न भएको ।

१०) जलविद्युत उत्पादन संस्था भएमा, विद्युत खरिद सम्झौता गरिसकेको : मिति २०७०/०१/२९ मा श्री नेपाल बिद्युत प्राधिकरणसंग बिद्युत खरिद/बिक्री सम्झौता सम्पन्न भैसकेको ।

११) सर्वसाधारणका लागि निष्काशन गर्न लागेको शेयरहरु निर्देशिकामा तोकिए बमोजिम प्रत्याभुति गराएको : मिति २०७३/०४/२३ मा सर्वसाधारणका लागि निष्काशन गर्न लागेको शेयरहरु निर्देशिकामा तोकिए बमोजिम प्रत्याभुति सम्झौता सम्पन्न भैसकेको ।

**२३. संचालक तथा विज्ञहरुको नाम तथा दस्तखत :**

| सि.नं. | संचालकहरुको नाम | पद | दस्तखत |
|---|---|---|---|
| १. | शिव रतन शारडा | अध्यक्ष | |
| २. | गुरुप्रसाद न्यौपाने | प्रबन्ध सञ्चालक | |
| ३. | वच्छराज तातेड | सञ्चालक | |
| ४. | कुवेरमणि नेपाल | सञ्चालक | |
| ५. | रमेशप्रसाद न्यौपाने | सञ्चालक | |

२४. **निष्काशन तथा बिक्री प्रबन्धकले प्रस्तुत गरेको प्रतिबद्धता पत्र (ड्यु डेलिजेन्स् सर्टिफिकेट) को प्रति** : संलग्न गरिएको ।

२५. **विवरणपत्र, वित्तीय विवरण तथा अन्य कुनै कुरामा विज्ञले राय दिएको भए सो सम्बन्धी पत्र** : संलग्न गरिएको ।